वर्ष : १६, अंक : ४८, काठमाडौं, २०७७ चैत ६ गते शुक्रबार, 19 March 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००।- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

हामी न्यायको खोजीमा छौं : ठाकुर

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूहरू न्यायको खोजीमा तीनै ठूला दलसँग वार्ता र सम्वादमा रहेको बताएका छन् । शनिबार पेरिसडाँडामा नेकपा माओवादी केन्द्रका शीर्ष नेताहरूसँग भेटवार्तापश्चात् सञ्चारकर्मीलाई उनले यस्तो वक्तव्य दिएका छन् । उनले आफूहरू सत्ता सहकार्य नभई आफूहरूको माग र मुद्दा पूरा गराउनका लागि सबै पक्षसँग वार्ता र सम्वाद गरिरहेको बताएका छन् । जसपाले यसअघि नेपाली कांग्रेस र नेकपा एमालेका शीर्ष नेताहरूसँग चरणबद्धरूपमा भेटवार्ता गरिरहेको छ । ठाकुरले कुनै निष्कर्षमा पुग्न भने नसकिएको बताए । 'कुराकानी त राम्रै भयो, तर अझै निष्कर्षमा पुगेका छैनौं' ठाकुरले भने । फेरि पनि माओवादी केन्द्रसँग छलफलमा बस्नेगरी उठेको उनले बताए । एमाले वा त्यस बाहेकका इतर गठबन्धनको सरकारबारे सोधिएको प्रश्नमा अध्यक्ष ठाकुरले कतै पनि आफूहरूले सुरक्षाको महसुस नगरेको बताए ।

प्रतिगमनकारी शक्तिसँग लगनगाँठो हुँदैन : यादव

काठमाडौं । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पार्टीभित्र प्रधानमन्त्री केपी शर्मा ओलीसँग सहकार्य गर्ने प्रस्ताव कसैले पनि नल्याएको बताएका छन् । बिहीबार बसेको शीर्ष नेताको बैठकपछि पत्रकारसँग कुरा गर्दै अध्यक्ष यादवले आफूहरू ओलीसँग संसद विघटनको विपक्षमा रहेका शक्तिहरू मिलेर अगाडि बढ्ने बताएका हुन् ।

उनले संसद विघटन गर्ने ओलीको कदम प्रतिगामी भनेर भनिसकेका कारण उनीसँग कुनै पनि हालतमा सहकार्य नहुने बताएका हुन् । 'ओलीसँग सहकार्य गर्नुपर्छ भनेर कसैले ल्याउनुभएको छैन', अध्यक्ष यादवले भने, 'हामी प्रतिगमनकारी शक्तिविरूद्ध उभिन्छौं, उनीसँग लगनगाँठो कस्न सक्दैनौं ।' ओलीसँगको सहकार्य गर्नु भनेको मधेश र मधेश आन्दोलनप्रति धोका दिनु र संघीयता र गणतन्त्र समाप्त पार्नु भएको उनको भनाइ छ ।

कमजोर र अनिर्णित 'किङ्गमेकर'

ढुलमुले नीतिले निरीह बन्दै जसपा

मधेशवाणी डेस्क

काठमाडौं । सत्ता साझेदारीको कसरतमा रहेको जसपाले सरकार गठनमा कसलाई सघाउने भन्ने अझै टुङ्गो लगाउन सकेको छैन । वर्तमान परिस्थितिमा सत्ता साझेदारीलगायत विषयमा पार्टी अनिर्णित बनेको छ ।

पछिल्लो राजननीतिक घटनाक्रममा जसपा अहिले फेरि एक पटक केन्द्रविन्दुमा पुगेको छ । यतिबेला सबैका आँखा उक्त पार्टीमा छ । वर्तमान सरकारलाई जोगाउने वा फाल्ने हैसियत जसपासँग छ । माओवादी केन्द्रले समर्थन फिर्ता लिए पनि प्रधानमन्त्री केपी शर्मा ओलीलाई १८ सांसद भए पुग्छ । त्यसको सहज पूर्ति राजपाबाट हुने देखिन्छ । २ जना निलम्बितसहित जसपासँग यतिबेला ३४ सांसदहरू छन् ।

संसदीय अंकगणितमा निर्णायक भूमिकामा रहेको पार्टीभित्र दुई धार देखिएको छ । नेकपा एमालेसँग सत्ता साझेदारी गरेर अघि बढ्ने वा नेपाली काँग्रेस र माओवादी केन्द्रसँग मिलेर नयाँ गठबन्धनका साथ सरकारमा सामेल हुने भन्नेबारे निर्णय लिन सकिरहेको छैन । सो पार्टीका नेताहरूले एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीका साथै काँग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग सत्ता समीकरणका बारेमा छलफल गर्दै आएका छन् ।

जसपाका नेताहरूको दौडधुप पछिल्लो समय निकै बढेको छ । उनीहरू पार्टी समायोजनको विषयलाई थाँती राखेर भए पनि कहिले बालुवाटार, कहिले बूढानीलकण्ठ, कहिले पेरिसडाँडा पुगेर सत्ता गठबन्धनबारे छलफल गर्न व्यस्त हुने गरेका छन् । जसपा नेपालका नेताहरूको दौडधुप हेर्दा सत्ता अन्य दलको तुलनामा उनीहरूकै प्राथमिकतामा परेको प्रस्ट देखिन्छ ।

यहि मौकाको फाइदा उठाउँदै राजपा ओली प्रति सकारात्मक बनेको देखिन्छ । ओलीसँग सहकार्य गर्न नहुने केही नेताहरूको जोडबल रहे पनि जसपाले वार्ताका लागि कार्यदल बनाइसकेको छ । यस कारण पनि उक्त पार्टी सत्ता कै वरिपरी रहन खोजेको पुष्टि हुन्छ ।

जसपाका नेता राजेन्द्र महतोले आफ्ना मागहरू पूरा भए ओली सरकारमाथि सहानुभूति रहने बताएका छन् । तर जेलमा रहेका रेशम चौधरीको रिहाई, संविधान संशोधनलगायतका माग पूरा हुनुपर्ने उनीहरूको माग छ ।

अर्कोतर्फ जसपाले ओलीविरूद्ध बन्ने सम्भावित सत्ता गठबन्धनका पक्षधरहरूसँग भेटघाट बढाएर सत्तामै पुग्ने बाटो खोजिरहेको छ । त्यो गठबन्धनलाई पनि जसपा अपरिहार्य छ । यसैले पनि सहजै अनुमान लगाउन सकिन्छ- ओली या ओलीइतर गठबन्धनमध्ये जहाँ सजिलो गरी जसपाका मागहरू सम्बोधन जसपा जुन दलसँग जसरी होस् सत्ता सहकार्य गर्ने मुडमा देखिन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओली

कांग्रेस सभापति शेरबहादुर देउवा

माओवादी केन्द्र अध्यक्ष प्रचण्ड

जसपा अध्यक्ष महन्थ ठाकुर

किङ्गमेकरको भूमिका

एमाले र माओवादीलाई पूर्ववत् अवस्थामा नै फर्काईदिने सर्वोच्च अदालतको फैसलापछि जसपा अहिले 'किङ मेकर' भूमिकामा देखिएको छ । वर्तमान सरकारलाई जोगाउन वा नयाँ सरकार गठन गर्न दुवै अवस्थामा जसपाको भूमिका निर्णायक देखिएको छ ।

सत्ता साझेदार माओवादी केन्द्रले विश्वासको मत फिर्ता लिने सम्भावनाका बीच प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार जोगाइराख्न जसपाको साथ खोजेका छन् । अर्कातर्फ प्रमुख प्रतिपक्षी दल काग्रेस र माओवादी केन्द्रको सत्ता समीकरण बन्ने हो भने पनि जसपाको साथ अनिवार्य नै बनेको छ । दुवैतिरबाट अफरहरू आउन शुरू गरेपनि जसपाले भने ठोस निर्णय लिइसकेको छैन । सत्ता सहकार्यका लागि रेशम चौधरीको रिहाइलाई जसपाले सबैभन्दा महत्वपूर्ण मागको रूपमा अगाडि सारेको छ ।

रेशम चौधरी, लक्ष्मण थारूसहित थरूहट आन्दोलनका क्रमका मुद्दा र महोत्तरीको जलेश्वर प्रकरणको मुद्दा फिर्तालाई जसपाले प्रमुख शर्त

बाँकी अन्तिम पृष्ठमा

जसपाको बैठक स्थगित

काठमाडौं । जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको हिजो बिहीबार बस्ने भनिएको बैठक अन्तिम समयमा आएर स्थगित भएको छ । तयारी नपुगेको भन्दै बैठक स्थगित गरिएको कार्यकारिणी सदस्य केशव झाले जानकारी दिएका छन् । बैठकमा पार्टीको संगठन समायोजन र सत्ता समीकरणको विषयमा छलफल गर्ने भनिएको थियो । यसअघि दुई दिनसम्म पार्टीका शीर्ष नेताहरूले छलफल गरेर बिहीबार बस्ने गरी बैठक तय भएको थियो । तर अन्तिम समयमा आएर बैठक स्थगित भएको हो । सत्ता समीकरणमा जसपाका नेताहरू कुन पक्षसँग सत्ता साझेदारी गर्ने भन्ने विषयमा दुई धारमा बाँडिएका छन् । नयाँ सत्ता समीकरण बनाउन जसपासँग निर्णायक संसदीय संख्या छ ।

महन्थ ठाकुरलाई प्रधानमन्त्री बनाऔं : डा. दिक्षित

काठमाडौं । नागरिक समाजका अगुवा डा. सुन्दरमणि दिक्षितले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारमा जान मरिहत्ते गर्न नहुने सुझाव दिएका छन् । अहिलेको परिस्थितिमा प्रधानमन्त्रीको लागि सबैभन्दा उत्तम पात्र जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुर भएको उनले बताए ।

काठमाडौमा भएको साक्षात्कारमा बोल्दै उनले अहिले पार्टीहरू झैझगडामा लागेको टिप्पणी गरे । दलका नेताहरू झैझगडामा उत्रिएकोले देश समस्यामा परेको उनको भनाइ छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारको नेतत्व लिन लोभ देखायो भने कांग्रेस पनि पुरै नाग्गिने टिप्पणी गर्दै उनले भने,'अहिले मुलुकलाई असल प्रधानमन्त्री चाहिएको छ र महन्थ ठाकुर उत्तम पात्र हुन ।' उनले ठाकुरलाई प्रधानमन्त्रीको पदमा सबै दलले सर्वसम्मत जनाउनु पर्ने सुझाव पनि दिए ।

उनले भने,'महन्थजी कांग्रेसबाट आएका हुन् । उनमा भ्रष्टाचारको दाग छैन् । भारतको नर्सिंह रावजस्तै हुन् । सबैलाई मिलाएर लैजाने व्यक्ति हुन् ।' उनले जसपाका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई प्रधानमन्त्री बन्ने सम्भावना नरहेको पनि दावी गरे ।

आपसी संवाद, सहकार्य र एकतालाई निरन्तरता दिन राष्ट्रपतिको आग्रह

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले आह्वान गरेको सर्वदलीय बैठकमा राजनीतिक दलहरूबीच आपसी संवाद, सहकार्य र एकताका लागि जोड दिइएको छ ।

मंगलबार राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित सर्वदलीय बैठकमा राष्ट्रपति भण्डारीले संविधानको प्रभावकारी कार्यान्वयन र लोकतन्त्रको सुदृढिकरणका लागि राजनीतिक दलबीचको सहकार्यलाई निरन्तरता दिनुपर्ने बताएकी हुन् ।

उनले आपसी संवाद, सहकार्य र एकता नेपालको राजनीतिक सौन्दर्य भएको पनि उल्लेख गरिन् ।

'हाम्रो समाज शालीन, सभ्य र सहिष्णु रहिआएको छ । यहाँको नेतृत्वले सधैं उच्च राजनीतिक संस्कार कायम गर्दै आएको छ । यो असल संस्कार निरन्तर कायम रहनुपर्छ' राष्ट्रपति भण्डारीको भनाइ उधृत गर्दै राष्ट्रपति कार्यालयले विज्ञप्तिमा भनेको छ ।

सर्वदलीय बैठकमा प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र उपेन्द्र यादव सहभागी थिए ।

त्यस्तै गृहमन्त्री रामबहादुर थापा, एमाले महासचिव ईश्वर पोखरेल, नेता सुवास नेम्वाङ, विष्णु पौडेल, नेपाली कांग्रेसका तर्फबाट रामचन्द्र पौडेल, विमलेन्द्र निधि, डा. शशांक कोइराला, माओवादी केन्द्रका नेताहरू नारायणकाजी श्रेष्ठ र देव गुरूङ पनि सहभागी थिए ।

सर्वदलीय बैठकमा मन्त्रिपरिषदका पूर्वअध्यक्ष खिलराज रेग्मी, राप्रपाका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र जनकराज शर्मा र नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल पनि सहभागी थिए ।

बेपत्ता झा दम्पती प्रकरणमा सीआईबीको अनुसन्धान

गत फागुन १० गते राति ओछ्यानबाटै बेपत्ता झा दम्पती ।

जनकपुरधाम । महोत्तरीको पिपरा गाउँपालिकास्थित सहोडवाबाट रहस्यमय तरिकाले बेपता भएका झा दम्पतीको अनुसन्धान केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले थालेको छ । घटना भएको करिब एक महिना बित्न लाग्दा पनि प्रहरीले झा दम्पतीको बारेमा सत्यतथ्य पत्ता लगाउन नसक्दा सीआईबीले अनुसन्धान थालेको हो ।

पिपरा गाउँपालिका वडा नम्बर ५ सहोडवास्थित आफ्नै घरमा सुतिरहेको अवस्थामा अवकाशप्राप्त कर्मचारी मुसाफिर झा र उनकी श्रीमती गीता देवी झा ओछ्यानबाटै बेपत्ता भएका थिए । गत फागुन १० गते राति ओछ्यानबाटै झा दम्पतीलाई बेपत्ता पारिए पनि उनीहरूको अवस्था अझै अज्ञात छ ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रवक्ता प्रहरी उपरीक्षक गंगा पन्तले झा दम्पती बेपत्ता प्रकरणमा प्रारम्भिक अनुसन्धन थालिसकेको जानकारी दिइन् । उनले जिल्ला प्रहरी कार्यालय महोत्तरीको टोलीलाई पहिलेदेखि नै सघाए पनि अब टोली खटाएरै अनुसन्धान थाल्ने बताइन् ।

प्रदेश २ प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीले अनुसन्धान गरिरहेको भएपनि ठोस परिणाम आउन नसकेपछि सीआईबीले आफ्नै टोली खटाएर अनुसन्धान गर्न लागेको हो । पन्तले यस घटनामाथि आफूहरूको गम्भीर ध्यानाकर्षण भएको र स्थानीयको माग अनुसार टोली खटाउन लागेको बताइन् ।

झा दम्पतीको अवस्था विषयमा अविलम्ब जानकारी गराउन माग गर्दै मैथिल ब्राह्मण युवा महासभासहित ४४ वटा संघसंस्थाले घटनाको सिआईबीले अनुसन्धान गर्नुपर्ने माग गर्दै आइरहेका थिए ।

समय-सन्दर्भ

रामरिझन यादव

मागहरू पूरा भए ओलीलाई समर्थन गर्न सकिन्छ

अहिले प्रमुख प्रतिपक्षी काँग्रेस, जसपा र नेकपा माओवादी केन्द्र तीनै दलसँग वार्ताका लागि वार्ता भइरहेको छ । पहिलो चरणमा पार्टीले गर्ने कुरा यही नै हो । विभिन्न राजनीतिक दलहरूसँग वार्ता गरेर आफ्ना मागहरू जानकारी गराउने, त्यसपछि उनीहरूको अभिमत लिने हो । त्यसकारणले हाम्रा पार्टीका नेताहरूले अहिले वार्ता र छलफल गरिरहेका छन् । हाम्रो वार्ताको केन्द्रबिन्दूमा संविधान संशोधन हो । यस्तै, तेस्रो मधेश आन्दोलनको क्रममा राज्यले गरेको जघन्य अपराधहरूलाई लिपिबद्ध गर्ने लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने, जबर्जस्तीरूपमा जेलमा थुनिएका सांसद रेशम लाल चौधरीको रिहाइ र मधेश-थरूहट आन्दोलनका बेला लगाइएका मुद्दाहरू फिर्ता लिनुपर्ने लगायतका मागहरू छन् ।

दलहरू सत्ताकेन्द्रित देखिएको छ तर त्यस्तो होइन । किनकि जो नेताहरू सत्ताकेन्द्रित भएर वार्ता गर्छन्, उसको सर्वनाश पक्कै छ ।

हामी सरकारमा जानुभन्दा पनि हाम्रा मागहरूलाई सम्बन्धित पक्षले कसरी सम्बोधन गर्छन् भन्ने कुरामाथि भर पर्ने हो । सरकारमा गएर माग पूरा भएको भए त हाम्रा नेता उपेन्द्र यादव धेरै दिनसम्म सरकारमा सहवास गरेकै हो । तत्कालीन राजपा नेपाल सरकारमा नगए पनि दुई तिहाइ पुऱ्याउन बाहिरबाट पनि समर्थन दिएकै हो । ताकि यो सरकारले संविधान संशोधन गरिदियोस् भनेर खोई त केही पनि भएन । सरकारमा गएर पनि यदि समाधान भएन भने केको लागि सरकारमा जाने ?

जसपाको नेतृत्वमा सरकार बनाउने यहाँका मिडिया र राज्यसत्ताले भुलभुलैया हामीले दुई तिहाइ पुऱ्याईदिएकै हो, तत्कालीन समाजवादी पार्टी सरकारमै गयो, तत्कालीन राजपाले बाहिरबाट समर्थनै गरेको थियो । त्यति हुँदाहुँदै पनि उनीहरूले राम्रोसँग सरकार सञ्चालन गर्न सकेनन् । अहिलेको अवस्थामा हाम्रो पार्टीभन्दा पनि प्रमुख प्रतिपक्षीमा रहेको नेपाली कांग्रेसले अलिकति सचेतता मधेशी जनतालाई दिइरहेका छन् । ती सबै गुलियो नारा मात्रै हो । यो सत्यतामा आधारित छैन । हामीलाई कहाँ सरकारको नेतृत्व गर्न देला र । ३२ वटा सांसद भएको पार्टीलाई कसरी सरकारको नेतृत्व गर्न दिन्छ र । त्यहाँ त हामीभन्दा ठूल-ठूला पार्टीहरू छन् । तिनीहरूले सत्ताभोग नगरेर जसपालाई दिने कुरो नै आउँदैन ।

यदि हाम्रा सबै मागहरू पूरा गरिदियो भने केपी ओलीको सरकारलाई समर्थन गर्ने तर त्यो सरकारमा सहभागी नहुने ।

सैद्धान्तिकरूपमा त्यो सही कुरा हो तर व्यावहारिक रूपमा हुँदैन नि । वास्तवमा अपनाउनुपर्ने हो । हामीले सत्ता चलाउनुभन्दा पनि सरकार चलाउने बल प्रमुख प्रतिपक्षी दलको कोटमा छ ।

प्रधानमन्त्री केपी शर्मा ओली अपरिपक्व स्वभावका व्यक्ति हुन् । उहाँले हाम्रा नेता महन्थ ठाकुरलाई मात्रै होइन, आफ्नै पार्टीका वरिष्ठ उपाध्यक्ष वामदेव गौतमलाई धेरै पटक प्रधानमन्त्री बनाइसक्नुभयो तर अहिले वामदेव गौतम सडकमा छन् । त्यसैले उहाँको कुरा भर पर्ने आधार छैन ।

कुनै पनि पार्टीमा अन्तरद्वन्द्व हुन्छ । अहिले जसपाभित्र देखिएको दुई धार स्वाभाविक हो र यस्ता सबै पार्टीमा छ । पार्टीलाई जीवन्तता प्रदान गर्नका लागि यसप्रकारका अन्तरद्वन्द्व आवश्यक छ । महन्थ ठाकुर र राजेन्द्र महतोले समाउनुभएको धारमा पनि त दम छ नि । उहाँहरूले उधारोमा सहमति नगर्ने, नगद चाहिन्छ । उहाँहरूले ओजपूर्ण कुरा गर्नुभएको छ । उपेन्द्र यादव र डा.बाबुराम भट्टराई पनि सांसद रेशमलाल चौधरीको रिहाइ, संविधान संशोधन, लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण, झुठा मुद्दा फिर्ताको सन्दर्भमा एकमत हुनुहुन्छ ।

वास्तवमा उपेन्द्र यादवजीको यो लाइन हो । त्यो आजदेखि होइन, जुन दिन संसद विघटन भयो त्यहीं दिनदेखिको उहाँको लाइन हो र यो पार्टीकै लाइन हो । संविधानमाथि नै प्रहार गर्ने व्यक्तिसँग सहकार्य गर्नुभन्दा प्रजातान्त्रिक धार भएकासँग सहकार्य गर्नु भनेको राम्रो सोच हो । उपेन्द्र यादवजीले गर्न खोज्नुभएको सहकार्यमा उधारोमा हुन्छ तर महन्थ ठाकुरले सरकारसँग नगदीमा गर्न चाहनुभएको छ । सरकारले अहिले नगदीमा सम्झौता गर्न सक्छ, रेशमलाल चौधरीलाई रिहा गरोस् । रेशमलाल चौधरीलाई रिहा र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने क्षमता त छ सरकारसँग । नगदीमा गर्ने

बाँकी अन्तिम पृष्ठमा

सम्पादकीय

जसपाको दौडधुप

सर्वोच्च अदालतले नेकपालाई एमाले र माओवादी केन्द्रमा विभक्त गरेपछि नयाँ सत्ता समीकरणका लागि दौडधुप सुरू भएको छ । माओवादी केन्द्र, काँग्रेस र जसपा केपी ओलीलाई प्रधानमन्त्रीबाट हटाउन लागिरहेका छन् । यसका लागि उनीहरूबीच सघन वार्तालाप पनि चलिरहेको छ । अहिले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार हटाउने कि बचाउने भन्नेमा मुलुकको राजनीति केन्द्रित बनेको छ । यसमा प्रतिनिधिसभामा चौथो दलको हैसियतमा रहेको जसपा निर्णायक देखिएको छ । सत्ता गठबन्धनका लागि जसपाले केही सर्त छ । विगतदेखि जसपाले उठाउँदै आएको मुद्दा सम्बोधन हुने सुनिश्चित गरेर मात्र उ सत्तामा जान्छ वा उधारोमा भन्ने विषयले अहिले मधेशको राजनीति तरंगित भएको छ ।

मुलुकको राजनीति प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई निरन्तरता दिने कि बदल्ने भन्नेमा अल्झिएको छ । सत्ता दौडको अल्झनमा जसपा पनि छ । ओलीसँग मिलेर सत्तामा जाने वा ओलीइतरसँग मिलेर सत्ता गठबन्धन गर्ने भन्ने विषयले जसपामा अघोषित धुव्रीकरण देखिएको छ ।

जसपा संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई र कार्यकारिणी अध्यक्ष उपेन्द्र यादव ओली नेतृत्वको सरकारलाई हटाउने ध्रुवमा छन् । जसपाका अर्का अध्यक्ष महन्थ ठाकुरसहित वरिष्ठ नेता राजेन्द्र महतोले ओली नेतृत्वको सरकार हटाउने विषय आफूहरूको प्राथमिकतामा नरहेको

राणनीतिक लाभ जसपाले उठाउन सक्छ वा सक्दैन भन्ने उसको नेतृत्वमा भर पर्छ । मधेशको नजरले हेर्दा तीनवटै दल मधेश मुद्दाप्रति उत्तिकै क्रुर देखिन्छन् । जसले माग पूरा गर्न साथ दिन्छ, उसैसँग सहकार्य गर्नु मधेशका लागि हितकर हुने देखिन्छ ।

बताउँदै आएका छन् । जसपाका नेताहरूको बालुवाटार, बुढानीलकण्ठ, पेरिसडाँडा दौडलाई सत्ता चाहनाको उत्कर्षको रूपमा हेर्न सकिन्छ । कतिपयले यसलाई जसपा नेताहरूले राजनीतिक संकटको निकासका लागि देखाएको राजनीतिक संवेदनशीलताका रूपमा पनि अर्थ्याएका छन् ।

जसपाले सत्ता गठबन्धनका लागि दौडधुप तीव्र पारे पनि ओली नेतृत्वको सरकारलाई साथ दिने कि शेरबहादुर देउवा-पुष्पकमल दाहालको राजनीतिक समीकरणमा सहभागी हुने भन्नेमा आधिकारिक निर्णय गरेको छैन । सत्ता गठबन्धनका लागि कांग्रेसले 'पर्ख र हेर' को नीति कायमै राखेको देखिन्छ भने माओवादी केन्द्रले ओली नेतृत्वको सरकारलाई दिएको समर्थन अझै फिर्ता लिएको छैन र जसपा अलमलमा देखिन्छ । तीन दल (एमाले, माओवादी केन्द्र र कांग्रेस) को संसदमा एक्लाएक्लै अवस्थामा बहुमत छैन । तीनै दल अलगअलग हुँदा सत्ता समीकरणका लागि निर्णायक ठाउँमा जसपा देखिन्छ । यही मौका उपयोग गरी जसपा आफ्ना केही माग तत्काल पूरा गराउने दाउमा छ । तीन प्रमुख दल अलगअलग हुँदा सत्ता समीकरणका लागि जसपाको महत्व बढेको छ । प्रतिनिधिसभामा अंकगणितका हिसाबले जसपाको भूमिका महत्वपूर्ण बनेको छ । अहिलेको अवस्थामा जसपाले आफ्ना मुद्दा र मागलाई केन्द्रमा राखेर तिनलाई पूरा गराउनेतर्फ शक्ति खर्चिनुपर्ने जरूरी देखिएको छ ।

राजनीति गरेपछि सत्तालाई किनारामा राख्न सकिँदैन । तर कुन बेला र केका लागि सत्तामा जाने त्यो प्रष्ट हुनुपर्छ । जसपाले अहिले संविधान संशोधन मुद्दालाई केन्द्रमा राखेर राजनीतिक समीकरण अघि बढाउनुपर्ने जरूरी छ । जसपाले सत्तामा जान कोसँग राजनीतिक समीकरण गर्छ भने अझै स्पष्ट छैन तर तर यसपटक उधारो सहमतिको जगमा जसपा सत्तामा जानु हुँदैन ।

अहिले राजनीतिक बृत्तमा जसपाको जुन महत्व बढेको छ, त्यो तात्कालिक र रणनीतिक मात्र हो । अंकगणितको राजनीतिमा प्रधानमन्त्री ओली अध्यक्ष रहेको दलसँग कुनै एउटा दलको गठबन्धन बने सरकार चलाउन बहुमत पुग्छ तर कांग्रेस-माओवादी केन्द्र दुइवटै दल मिल्दा पनि बहुमत पुग्दैन । उनीहरूलाई जसपाको साथ आवश्यक हुन्छ । त्यही भएर जसपा अहिले केन्द्रविन्दुमा छ । यसको राणनीतिक लाभ जसपाले उठाउन सक्छ वा सक्दैन भन्ने उसको नेतृत्वमा भर पर्छ । मधेशको नजरले हेर्दा तीनवटै दल मधेश मुद्दाप्रति उत्तिकै क्रुर देखिन्छन् । जसले माग पूरा गर्न साथ दिन्छ, उसैसँग सहकार्य गर्नु मधेशका लागि हितकर हुने देखिन्छ ।

अब उधारोमा काम चल्नेवाला छैन

हामीले कसैसँग वार्ताको ढोका बन्द गरेका छैनौं । जसले हामीलाई बोलाउँछ, हामी जान्छौं कुरा गर्न, हामी आफ्ना कुरा राख्छौं । हामीलाई आश्वासन त सबैले दिन्छन् । हामीले भनेका छौं कि अब उधारो काम चल्नेवाला छैन । हामीले प्रचण्डजीलाई भनेका थियौं, उहाँले लिखितरूपमा दिन तयार छौं भन्नुभयो । हामीले प्रचण्डजीलाई भन्यौं कि हामीलाई चेक चाहिँदैन, हामीलाई नगद चाहिन्छ ।

महन्थ ठाकुर

सामाजिक र आर्थिक परिवर्तनभन्दा राजनीतिक परिवर्तन बढी कठिन छ । सामाजिक र आर्थिक परिवर्तनको प्रक्रिया जारी छ तर अवरोध पनि त्यतिकै छ । किनकि जसको हातमा सत्ता छ, उनीहरू नै एकआपसमा झगडा गरिरहेका छन् । देश र जनतालाई एकता र सुरक्षाको आवश्यकता छ । अहिले पनि हेर्ने हो भने कति बेला कहाँ गोली चल्छ, बम फुट्छ ठेगान हुँदैन । इतिहासले परिणाम हेर्छ । बम फुट्छ, आठ/१० जना घाइते हुन्छ, केही आर्थिक नोक्सानी हुन्छ तर परिणाम त त्यो भन्दा बढी केही पनि हुँदैन । त्यसैले अहिले एउटा परिणामको आवश्यकता छ, परिवर्तनको आवश्यकता छ । यसमा बौद्धिक समाजको ठूलो भूमिका हुन्छ । किनभने बौद्धिक समाजबाट नै एउटा मार्गदर्शन प्राप्त हुन्छ ।

हामीले राष्ट्रिय गान गाउँछौं । राष्ट्रिय गानमा सयौं थुंगा फूलका हामी एउटै माला नेपाली । तर फूल सुक्न थालेपछि.... । तर फूल सुक्नु हुँदैन । किनभने फूल सुकेपछि झर्न थाल्छ । फूललाई तरोताजा राख्नुपर्छ । त्यसका लागि सबै नेपालीले अनुभूति गर्न पाउनुपर्छ कि जुनसंविधान र शासन प्रणाली छ, त्यो हामीले ल्याएका छौं, हाम्रो छ । हामीमा रहेका गरिबी, अशिक्षा र अन्धविश्वास हटोस् ताकि हामी अगाडि बढ्न सकौं । तर त्यसो हुन सकिरहेको छैन ।

लोकतन्त्रपछि अहिलेसम्म नेपालमा जति पनि सरकार निर्माण भए, त्यसलाई बाहिरी शक्ति वा विपक्षी दलले ढालेको छैन, आफ्नै कारणले त्यो सरकार असफल भएका छन् । अहिले पनि रहेको सरकार बहुमतमै रहेको छ, अहिले पनि प्रचण्डजीले समर्थन दिएका छन् । त्यसैले अहिले पनि केपी ओलीको सरकार बहुमतमा छन् । तर अहिले पनि राम्ररी संसद चल्न सकेको छैन किनकि संसदमा सरकारले बिजनेश दिन सकेको छैन । बिना मतलब संसद स्थगित भइरहेको छ । यस्तो अवस्थामा मान्छेहरूले ताजा जनादेशको कुरा उठाइरहेका छन् । मन्त्रीको जस्तै सांसदको पनि इच्छा हुन्छ कि यो संसदले आफ्नो पूरा कार्यकाल रहोस् । हामी सबैलाई थाहा हुन्छ कि सबै जना मन्त्री बन्न सक्दैन, सबै प्रधानमन्त्री बन्न सक्दैन । जुन संकेतहरू अहिले देखिएका छन् त्यो धेरै राम्रो छैन ।

विकास निर्माणका लागि एउटा सहज वातावरणको आवश्यकता हुन्छ, त्यो हुन सकिरहेको छैन । राजनीति अस्थिरतातर्फ गइरहेको छ । यो कहिलेसम्म स्थिर हुन्छ भन्न सजिलो छैन । किनभने सत्ताको बागडोर फेरि उनीहरूकै हातमा जाने हो । अहिले सत्ताका आकांक्षीहरू जो छन्, ती सबैलाई जनताले हेरिसकेका छन् । उनी कैयौं पटक सत्तामा आइसकेका छन्, प्रधानमन्त्री भइसकेका छन्, नयाँपन केही पनि छैन । त्यसैले अस्थिरताका कारण यिनै हुन् । भोली के हुन्छ, हामीलाई थाहा छैन । यस्तो अवस्थामा हाम्रो देश गइरहेको छ ।

जुन कुराका लागि हामी संघर्ष गरेका थियौं, त्यो संघर्षमा सबै वर्गका व्यक्तिहरू सहभागी थिए । ऐतिहासिक रूपले स्वीकार गरिएको थियो कि जनआन्दोलनको एजेन्डामा क्षेत्रीय, भाषिक, सांस्कृतिक, धार्मिक र लैंगिक आधारमा विभेद भइरहेका छन् । त्यो विभेदको अन्त्य हुनुपर्छ । त्यो निरंकुशतन्त्रलाई अन्त्य गर्नुपर्छ । पहिचानको आधारमा जुन भेदभाव छ, त्यसलाई समाप्त गरी उपेक्षित र बहिष्करणमा परेकालाई राष्ट्रिय जीवनमा समावेश गरी विभेदलाई अन्त्य गरिनुपर्छ । तर संविधान निर्माण गर्दै गरेको बेला यसको पालना भएन, उल्लंघन भयो र जब ड्राफ्ट हाम्रो अगाडि आयो, जुन कुराका लागि हामीले संकल्प लिएका थियौं त्योअनुसारको ड्राफ्ट आएन अनि सबभन्दा पहिला थरूहट क्षेत्रमा आन्दोलन सुरू भयो । त्यो बेला हामीले थरूहट आन्दोलनलाई समर्थन गरेका थियौं ।

हरेक संविधानको आधारभूत संकल्प हुन्छ जसको आधारमा संविधान निर्माण हुन्छ । वर्तमान संविधानको आधारभूत सिद्धान्त के थियो ? के त्यसको पालना गरियो ? आधारभूत सिद्धान्त त अन्तरिम संविधान थियो । किनभने अन्तरिम संविधान आन्दोलनकारीहरूद्वारा निर्माण गरिएको थियो । वर्तमान संविधान जनताको प्रतिनिधिद्वारा निर्माण गरिएको छ । यसको प्रस्तावनामै लेखिएको थियो कि राजनीतिक सहमतिको आधारमा संविधान निर्माण हुनेछ । तर त्यसो भएन । हामीले त्यसैले त्यसको विरोध गरेका थियौं ।

अन्तरिम संविधानमा पनि संशोधन गरिएको थियो कि मधेश एक स्वायत्त प्रदेश हुनेछ, अधिकार सम्पन्न हुनेछ, अन्य जातजातिकाहरूका पनि स्वायत्त प्रदेश बन्नेछ र सबै अधिकार सम्पन्न हुनेछ । अहिलेसम्म उपेक्षित र पछाडि पारिएकाहरूलाई राज्यको हरेक निकायमा समानुपातिक समावेशी हुनेछ ।

हाम्रो राष्ट्रियताको परिभाषाले एउटा मात्र समूहलाई प्रतिनिधित्व गर्दछ । जसका कारण हाम्रो समाज विभाजन हुन्छ । अहिले हाम्रो देश विभाजित अवस्थामा छ । केन्द्रका कारण अहिले प्रदेशमा पनि अस्थिरताको दौर सुरू भइसकेको छ । हामी तराई-मधेशमा बसोबास गर्छौं । हाम्रो भेषभूषा अलग छ । त्यसै आधारमा हामीले स्वशासन अर्थात् संघको माग गरेका थियौं ।

संविधानसभामा राज्यशक्ति बाँडफाँडका लागि एउटा समिति निर्माण गरिएको थियो । त्यसको सुझाव १४ राज्यको प्रतिवेदन थियो । त्यसले करिब-करिब पहिचान, भाषा र संस्कृतिलाई समातेको थियो । त्यसपछि विज्ञहरूको एउटा आयोग निर्माण गरिएको थियो सुझावका लागि । उहाँहरूले ११ राज्यका लागि सुझाव दिनुभएको थियो । त्यसको पनि उल्लंघन भयो । ती सबै कुराहरूको उल्लंघन गरेर यो संविधान निर्माण गरियो र अहिले संविधानको स्थिति के छ सबैले महसुस गरिरहेका छन् । यसले भनिरहेको छ कि यो संविधानमा संशोधनको आवश्यकता छ । तर पनि भनिन्छ कि आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ । आवश्यकता र औचित्य त बारम्बार त्यसै प्रष्टिँदै आएको छ । किनभने जब संविधान कुनै पनि धारा कार्यान्वयन हुन्छ, त्यसपछि विवाद सुरू हुन्छ । प्रत्येक धारामा कुनै न कुनै त्रुटि छन् । संविधानको यो कमजोरी पनि हो र अपूर्ण पनि हो । त्यसैले यो संविधानमा जबसम्म संशोधन हुँदैन, तबसम्म यसै प्रकारका अवस्था आइरहन्छन् ।

जनता समाजवादी पार्टी नेपाल आफ्नो मुद्दाका लगि संघर्ष गर्दै आएको छ । जुनसुकै सरकार बनेपनि हामी छलफल र संवाद गर्छौं । अहिले पनि जति पार्टीहरू छन्, चाहे त्यो सरकारमा होस् वा सरकार बाहिर होस्, छलफल र संवाद गरिरहेका छन् । हामीले अहिले पनि प्रधानमन्त्री केपी ओलीसँग संविधान संशोधन, नागरिकताको मुद्दा र साथसाथै हाम्रा जति पनि साथीहरू राजबन्दीहरूको रिहाइ र मुद्दा लागेहरूको मुद्दा फिर्ताको लागि संवाद गरिरहेका छौं ।

हामी शान्तिपूर्ण आन्दोलनमा थियौं, हामी हतियार बोकेका थिएनौं । तैपनि हामीमाथि गोली चलाइएको थियो । अन्य आन्दोलनमा जसले हतियार उठाएका थिए, जसमा हजारौं मानिस मारिएका थिए, उनीहरू प्रधानमन्त्री बने । तर जो शान्तिपूर्णरूपमा सडक उत्रेका थिए आफ्नो माग र अधिकारका लागि, आज उनीहरू जेलमा छन् ।

१० दोषी छुटोस् भन्ने सिद्धान्तमा छ तर व्यवहारमा ठिक उल्टो छ । दोषीहरू खुल्लारूपमा घुमिरहेका छन्, ठूलठूला पदमा छन् र जो निर्दोष छन् दुःख र पीडामा छन् । जनयुद्धका घाइतेहरूलाई राहत उपलब्ध गराइएको छ तर मधेश आन्दोलनका घाइते र अपाङ्गहरूलाई कुनै किसिमको राहत सरकारको तर्फबाट उपलब्ध छैन ।

त्यसैले हामी अहिले भनेका छौं कि हामीबीच एकताको आवश्यकता छ । बिना एकता सयौं थुंगा फूल पूरा हुन सक्दैन । त्यस्तै प्रकारले हामीलाई सुरक्षा पनि आवश्यक छ । आज हाम्रा युवा पुस्ता विदेशिने अवस्था कायमै छ । त्यहाँ पनि धेरै कष्ट छन् । यस्ता पीडाका बीच हामीलाई बाँच्नुपरेको छ । त्यसैले हामीले कसैसँग वार्ताको ढोका बन्द गरेका छैनौं । जसले हामीलाई बोलाउँछ, हामी जान्छौं कुरा गर्न, हामी आफ्ना कुरा राख्छौं । हामीलाई आश्वासन त सबैले दिन्छन् । हामीले भनेका छौं कि अब उधारो काम चल्नेवाला छैन । हामीले प्रचण्डजीलाई भनेका थियौं, उहाँले लिखितरूपमा दिन तयार छौं भन्नुभयो । हामीले प्रचण्डजीलाई भन्यौं कि हामीलाई चेक चाहिँदैन, हामीलाई नगद चाहिन्छ ।

अहिले हामीले सबैसँग कुरा गर्दा सबैले आश्वासन दिइरहेका छन् । जो सरकारमा छन्, उसले सरकारमा आउन भनिरहेका छन् । जो सरकार बाहिर छन् उसले साथ दिन भनिरहेका छन् । समस्या समाधान गर्ने भनिरहेका छन् । तर हामी आफ्नो मुद्दामा अडिग छौं ।

(बुधबार राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघको १३औं वार्षिकोत्सव तथा संगठन समायोजन कार्यक्रम एवं गणतन्त्र सशक्तिकरणमा प्राध्यापकको भूमिका विषयक कार्यक्रममा जसपा अध्यक्ष महन्थ ठाकुरले गर्नुभएको सम्बोधनको सम्पादित अंश)

मुस्लिम समुदायको थर सूचिकरण गरिने

काठमाडौं । मुस्लिम समुदायभित्र विभिन्न थरहरू रहेका कारण समुदायलाई पहिचान गर्न समेत गाह्रो भएको भन्दै मुस्लिम आयोगले मुस्लिम समुदायको थर सूचिकृत गर्ने भएको हो । मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले सोमबार आयोगको वार्षिक प्रतिवेदन २०७६-०७७ को विषयमा सञ्चारकर्मीसँग भेटघाट गर्दै आयोगले मुस्लिम समुदायको थर सूचिकृत गर्ने बताए ।

थर सुचिकृत गर्नको निम्ति आर्थिक वर्ष २०७६-०७७ मा मोरङ, सुनसरी, सप्तरी, पर्सा, बाँके र पाल्पामा अध्ययन समेत भएको उनले बताए । हालसम्म ४५ वटा थर फेला पारेको र थप अध्ययन गरेर सार्वजनिक गर्ने उनको भनाई छ ।

राष्ट्रिय मुस्लिम आयोगले २०७६-०७७ मा मुस्लिम समुदायको जनसंख्या बढी भएका ११ जिल्लाका ९१ जना महिला र ७५ जना पुरूष गरी १ सय ३१ जनालाई सिलाई कटाइ तालिम, ब्युटीपार्लर तालिम तथा सवारी साधन मर्मत तालिम प्रदान गरेको जनाएको छ ।

त्यसैगरी ५२ जनालाई लोकसेवा तयारी कक्षा सञ्चालन गरेको अध्यक्ष अन्सारीको भनाई छ। मदरसाको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तरको अध्ययन गरी मोरङ, सुनसरी, रौतहट, पर्सा, दाङ र स्याङ्जाका २ सय ३६ मदरसा सम्बन्धी तथ्यांक र सुचनाहरू संकलन गरिएको पनि उनले बताए ।

मदरसामा पढ्दै गरेका विद्यार्थी छात्राहरूलाई बाहिरको सरकारी तथा नीजि विद्यालयमा पढ्दा पोशाकको असहजता भएको भन्ने जनगुनासोको सम्बन्धमा छात्राहरूलाई सहज हुने पोशाक लगाउन बातावरण बनाइदिन शिक्षा मन्त्रालयलाई अनुरोध गरेको पनि उनले जानकारी दिए ।

आर्थिक वर्ष २०७६-०७७ मा आयोगलाई प्राप्त भएको ५ करोड ६ लाख ८३ हजार ६ सय २८ रूपैयाँ मध्ये २ करोड ५१ लाख ६४ हजार ९ सय ९४ रूपैयाँ ९२ पैसा खर्च भएको आयोगले जानकारी दिएको छ ।

ओलीलाई हटाउन पार्टीहरूलाई आँट नै भएन

अहिले नेतृत्वको अभाव देखिएको छ । कसैले कसैको नेतृत्व स्वीकार गर्न तयार छैनन् । जो पनि नेतृत्वमा आए उसले ढाँट्ने प्रयास गरे । मधेशवादी दलहरूसँग पटक-पटक सम्झौता भएका छन्, तर एउटा पनि कार्यान्वयन भएन । एउटाले अर्कोमाथि विश्वास गरिरहेको छैन । विश्वासको संकट रहेकोले अविश्वासको प्रस्ताव आउन सकिरहेको छैन । किनभने अविश्वासको प्रस्ताव वैकल्पिक प्रधानमन्त्रीको नाम उल्लेख गरेकै हुनुपर्दछ । त्यसका लागि कांग्रेस, माओवादी केन्द्र र जसपाबीच एकमत भइरहेको छैन । यसलाई बेनिफिट अफ डाउट भनिन्छ, यसको फाइदा केपी ओलीलाई गइरहेको छ ।

देवेन्द्र मिश्र

केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपा

० सर्वोच्च अदालतको नेकपा विवादसम्बन्धी फैसलापश्चात् मुलुकको राजनीतिलाई कसरी हेर्दै हुनुहुन्छ ?

– सर्वोच्च अदालतको यो फैसला कानूनीभन्दा पनि राजनीतिक जस्तो देखियो । किनभने नामको विवाद टुंगो लगाउने थलो भनेको निर्वाचन आयोग हो । सर्वोच्च अदालतको निर्णय निर्वाचन आयोगप्रति हुनुपर्ने थियो तर सर्वोच्चले पार्टीलाई आदेश दियो । त्यसैले यो राजनीतिक निर्णय हो । तर पनि हामीले सर्वोच्चको निर्णयलाई सम्मान गर्छौं । संसद बैठक बस्नुभन्दा केही घन्टापूर्व सर्वोच्चको निर्णयले यस्तो किसिमको विस्फोट भयो कि देश नै अनिर्णयको बन्दी भयो ।

० राजनीतिक दिशा कता जाँदैछ ?

– अधुरो र अपूरो संविधानका कारण देशमा पटक-पटक संवैधानिक संकट उत्पन्न हुँदै आएको छ । त्यो संविधानलाई संशोधनका लागि हामी संघर्ष गर्दै आएका छौं तैपनि अहिलेसम्म संशोधन हुन सकिरहेको छैन । सर्वोच्चको निर्णयले संसद पुनर्स्थापना भइसकेपछि सरकारको नयाँ नेतृत्व आवश्यकता थियो । कसैले अहिलेसम्म अविश्वासको प्रस्ताव पनि हाल्न सकेन र प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्था पनि आएन । जसको परिणामस्वरूप निकासको बाटो अवरूद्ध भएको छ । वर्तमान प्रधानमन्त्रीलाई कुनै किसिमले यदि हटाउन सकियो भने निकास निस्कन सक्छ । यदि ओलीलाई हटाउन सकिएन भने फेरि पनि मुलुक निर्वाचनतर्फ जाने संकेत नै देखिएको छ ।

० भनेपछि अहिलेको निकास भनेको प्रधानमन्त्री केपी ओलीको बहिर्गमन नै हो ?

– त्यस्तै देखिन्छ । किनभने प्रधानमन्त्री ओलीले चालेको कदमलाई सर्वोच्च अदालतले उल्टाइदियो र उहाँको पराजय भयो । पराजित भएपछि उहाँको पद जाने निश्चित थियो । तर त्यो भएन । किनभने उहाँको कदमविरूद्ध संघर्ष गरिरहेका पार्टीहरूलाई आँट नै भएन । जसको परिणामस्वरूप उहाँ बलियो हुनुभयो ।

० प्रधानमन्त्रीको कदमविरूद्ध संघर्ष गरेका दलहरूले संयुक्तरूपमा एउटा अविश्वासको प्रस्ताव ल्याउन नसक्नु कारण के हो ?

– अहिले नेतृत्वको अभाव देखिएको छ । कसैले कसैको नेतृत्व स्वीकार गर्न तयार छैनन् । जो पनि नेतृत्वमा आए उसले ढाँट्ने प्रयास गरे । मधेशवादी दलहरूसँग पटक-पटक सम्झौता भएका छन्, तर एउटा पनि कार्यान्वयन भएन । एउटाले अर्कोमाथि विश्वास गरिरहेको छैन । विश्वासको संकट रहेकोले अविश्वासको प्रस्ताव आउन सकिरहेको छैन । किनभने अविश्वासको प्रस्ताव वैकल्पिक प्रधानमन्त्रीको नाम उल्लेख गरेकै हुनुपर्दछ । त्यसका लागि कांग्रेस, माओवादी केन्द्र र जसपाबीच एकमत भइरहेको छैन । यसलाई बेनिफिट अफ डाउट भनिन्छ, यसको फाइदा केपी ओलीलाई गइरहेको छ । जसकारणले केपी ओलीको कार्यकाल लम्बिँदै गइरहेको छ र विभिन्न राजनीतिक विश्लेषणहरू तयार हुँदै गइरहेको छ ।

० सरकारको नेतृत्व कसले गर्ने विषयमा सहमति नजुट्दा अहिले निर्णयको बन्दी बनेको हो ?

– बिल्कुल । आन्दोलन त सबैले गरे । ती शक्तिहरू एकजुट भएर एउटा नेतृत्व निर्माण गर्नुपर्ने थियो, त्यसको अभाव देखिएको छ । दर्ता भएको अविश्वासको प्रस्तावलाई पनि कार्यान्वयन गर्ने आँट आएन । जसले गर्दा केपी शर्मा ओली झन् बलियो हुँदै गइरहेका छन् ।

० यस्तो अवस्थामा जनता समाजवादी पार्टी नेपाल एउटा निर्णायक शक्ति बनेको छ, तर कुनै निष्कर्ष निकाल्न सकेको छैन । किन ?

– जसपा स्पष्ट छ । जसपाका नेताहरू स्पष्ट नहोलान् । संविधान संशोधनबाट नै देशले अग्रगामी दिशा निर्धारण गर्न सक्छ भन्नेमा जसपा स्पष्ट छ । रेशम चौधरी जस्ता सांसदलाई राजनीतिक मुद्दा भनेर पनि थुनामा राखेका छन्, त्यो गलत हो भनेर सबै दलका नेताहरूले भनिरहेका छन् । यस विषयमा राजनीतिक निर्णय गरेर तुरून्त रेशमलाई रिहा गरेर निकास दिनुपर्‍यो । राजनीतिक आन्दोलनका क्रममा लगाइएका विभिन्न मुद्दाहरूलाई निरस्त गर्नुपर्‍यो । लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्‍यो । भनेपछि जसपाको स्थिति एकदम स्पष्ट छ । हाम्रा यी मागहरू जसले पूरा गर्छ, उससँग हामी नजिक हुन्छौं । यो स्पष्ट धारणा छ ।

० तर जसपाभित्र दुईटा धार देखिएका छन् । एउटाले केपी ओलीसँग कुनै पनि हालतमा सहकार्य गर्न सकिँदैन र अर्कोले माग सम्बोधन गर्छ भने सहकार्य गर्न सकिन्छ भनेर दोधारो अभिव्यक्तिहरू आइरहेका छन् नि ?

– राजनीति त 'डिमान्डस एण्ड सपोर्ट' बाट चल्ने हो । यदि जसपाको मागलाई केपी शर्मा ओलीले पूरा गर्छ भने सहकार्य गर्न सकिन्छ । राजनीतिमा सधैं कसैको विरोधी हुँदैन । तपाईंको कुरो उसले स्वीकार गरिरहेको छ भने उसैसँग हिंड्न सकिन्छ । सर्वोच्च अदालतको दोस्रो फैसलापछि प्रचण्ड, माधव नेपाल वा केपी शर्मा ओलीको बोलीमा परिवर्तन भएका छन् । भनेपछि राजनीति राजनीतिमा कोही कसैको शत्रु हुँदैन, विरोधी हुन्छन् । विरोधी खेमा आफ्नो राजनीतिक शक्ति बढाउनका लागि अगाडि बढिरहन्छ । अहिले जसपा निर्णायक मोडमा उभेको छ, त्यसको फाइदा लिनुपर्छ ।

० तर, उपेन्द्र यादवजीले कुनै पनि हालतमा केपी ओलीसँग सहकार्य गर्न सकिँदैन भन्नुभएको छ नि ?

– माग पूरा गराउनका लागि कुरा अगाडि बढाउनुपर्छ । तर पनि जसपा अहिले कुनै निर्णयमा पुगिसकेको छैन । अहिले जसपाको संसदीय दलको नेता तय गर्ने बाँकी छ, समायोजन प्रक्रिया पूरा हुन सकेको छैन । त्यसैले नेताहरूले आआफ्नै ढंगले प्रतिक्रिया दिइरहनुभएका छन् । जुन सरकारले हाम्रा माग पूरा गर्छ, त्यो सरकारसँग सहकार्य गर्न सकिन्छ । केपी ओलीसँग सहकार्य गर्न सकिँदैन भन्ने कुरा पार्टीको पूरानो निर्णय हो । पूर्वसमाजवादी पार्टीका नेताहरूले जुन कुरा भनिरहनुभएको छ, त्यो उहाँहरूको आफ्नै निजी विचार हो, संस्थागत विचार होइन ।

० जसपाभित्रको दुई धारका कारण जसपा विभाजनतर्फ जाँदैछ भन्ने चिन्ता पनि बढ्दै गएको छ ?

– निश्चितरूपमा यो चिन्ताको विषय हो । त्यसैले संसदीय दलको बैठक बस्दैछ, एउटा निष्कर्षमा पुगिन्छ । एउटा निर्णयमा पुगिसकेपछि त्यो निर्णयलाई अगाडि लिएर बढ्नुपर्छ । त्यसैले सबैले अहिले आआफ्नो विचार व्यक्त गरिरहनुभएको छ । जसपाका मागहरू के हो भन्ने कुरा पार्टीले स्पष्ट पारिसकेको छ । ती मागहरू सरकारसँग पूरा गराउनुपर्ने हुन्छ । हाम्रो माग पूरा गर्ने सरकारको नेतृत्वमा को हुनेछ त्यो त हेर्न बाँकी छ ।

० केपी ओलीकै कदमका कारण रातारात जसपा घोषणा भयो र अहिले केपी ओलीकै कारण जसपा विभाजन हुन्छ कि ?

– त्यति कमजोर ढंगबाट पार्टीका नेताहरूले सोच्दैनन् । पार्टीलाई कुनै किसिमको दुर्घटना हुने सम्भावना देखियो भने त्यो विषयलाई थाँती राख्छ । किनभने यति वर्षसम्म त ती मुद्दाहरू थाँति राखिएकै हो । रेशम चौधरीलाई बिनाकारण बन्दी बनाएर राखिएको छ । त्यसैले अहिलेको प्रकरणकै कारण जसपा विभाजन हुने सम्भावना कम छ । कतिपय कुराहरू मिडियावालाले उठाइरहेका हुन्छन् । पार्टीको बैठक बस्दैछ, त्यसले एउटा निर्णय गर्छ ।

० जसपालाई संसदीय दलको नेता चयन गर्न सकस छ ?

– जसपाको संसदीय दलको नेता टुंगो नलाग्नुको दुईटा कारण छ । पहिलो त कोरोनाकालमा यो पार्टी निर्माण भयो । एकअर्कासँग भेटघाट गर्ने अवस्था नै थिएन । अर्को कुरा अहिले पनि बैठकहरू जसरी हुनुपर्ने थियो त्यो भइरहेको छैन । बैठक बसेपछि कुनै कुराको टुंगो लाग्छ । जुन कुराहरू भएका छन्, बैठक बसेपछि नै त्यो निष्कर्षमा पुग्ने हो । संसदीय दलको विधान पनि पारित भएको छैन, समायोजन पनि टुंगो लागेको छैन । त्यसैले अहिले नै नकारात्मक कुराहरू गर्नु हुँदैन ।

० राजेन्द्र महतोलाई संसदीय दलको नेता बनाउने एउटा 'जेन्टिलमेन्ट एग्रीमेन्ट' भएको छ भन्छन् नि ?

– सबैले त्यतिबेला यो कुरा भएको थियो भनिरहेका छन् । यदि यस्तो सहमति भएको थियो भने कार्यान्वयन हुन्छ । त्यो 'जेन्टिलमेन्ट एग्रीमेन्ट' सबै 'इन्टेलिजेन्ट' व्यक्तिहरूले नै गर्नुभएको हो । त्यसैले त्यो कार्यान्वयन हुँदैन भन्नु हुँदैन । त्यसमा कुनै फरक पर्नेवाला छैन ।

जसपा जोसँग ठगियो आज उसैसँग मिठाई खान खोज्दैछ

तत्काल ठगिएको मान्छेसँग गएर मिठाइ खाइरहनुभएको छ । केपीलाई दुई वर्षसम्म समर्थन गर्दा खेलायो-खेलायो र सडकमा पछारिदियो । त्यो कुरा तपाईं बिर्सिरहनुभएको छ, संसद विघटन गर्‍यो त्यो कुरा बिर्सिरहनुभएको छ । एउटा निर्णयमा जसपा पनि पुग्नुपर्‍यो ।

फरमुल्लाह मन्सुर

केन्द्रीय सदस्य, नेपाली कांग्रेस

० अहिले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस अलमलमा परेको हो ?

– प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिगमनकारी कदमविरूद्ध नेपाली कांग्रेसले पनि संघर्ष गरेको थियो । सर्वोच्च अदालतले केपी ओलीको प्रतिगमनकारी कदमलाई खारेज गरेपछि अहिले कांग्रेस मौन बसेको छैन । मूल कुरा के हो भने नेपाली कांग्रेससँग एक्लैले सरकार बनाउने संख्या छैन । कांग्रेसको नेतृत्वमा सरकार बनाउनका लागि नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी नेपालबीच सहकार्य हुनुपर्छ । यी तीनै पार्टीले केपी ओलीको संसद विघटनको असंवैधानिक र अलोकतान्त्रिक कदमको विरूद्धमा सडकमा थिए । यी तीनै पार्टीको निष्कर्ष के थियो भने केपी ओलीले संविधान विरोधी काम गरे । सर्वोच्च अदालतले संसद पुनःस्थापना गरिसकेपछि यी तीनवटा शक्तिले वैकल्पिक सरकार निर्माण गर्ने कार्य गर्नुपर्ने हो ।

० कसको नेतृत्वमा वैकल्पिक सरकार बनाउनुपर्ने हो त ?

– नेपाली कांग्रेस यी तीनवटै दलमा सबभन्दा ठूलो पार्टी भएको हुनाले कांग्रेसको नेतृत्वमा सरकार बनाउने अग्रसरता लिनुपर्दथ्यो । तर अहिले जनता समाजवादी पार्टी नेपालको निष्कर्ष पनि आइसकेको छैन । केपी ओलीसँग पनि जसपाको वार्ता सघन भइरहेको छ । सकारात्मक वार्ता भइरहेको छ भन्ने कुराहरू मिडियामा आइरहेका छन् । अर्को कुरा माओवादी केन्द्रले ओलीसँग मिलेर नेकपा पार्टी बनाएको र सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छैन । भनेपछि यो अवस्थामा कांग्रेसले सरकार बनाउन अग्रसरता लिनु मुनासिब देखिँदैन । त्यसकारण कांग्रेस माओवादी केन्द्र र जसपासँग वार्तामा छ । कांग्रेसले वार्ता र छलफल गरिरहेको छ, परिस्थितिको मूल्यांकन गरिरहेको छ । तर अहिले मूल रूपमा कुनै निष्कर्षमा पुग्ने अवस्था छैन ।

० वैकल्पिक सरकारको नेतृत्वबारे कांग्रेस, माओवादी केन्द्र र जसपाबीच सहमति जुट्न नसकेको हो ?

– वैकल्पिक सरकारको नेतृत्व कसले गर्ने भन्ने तहसम्म अहिले कुराकानी भएकै छैन । मिडियामा आइरहेका कुराहरूको आधारमा जसपा निष्कर्षमा पुग्न सकिरहेको छैन । किनभने जसपाको केपी ओलीसँग बालुवाटारमा विभिन्न चरणमा वार्ता भइरहेका छन् । ती वार्ताहरू सकारात्मक छ र सबै पार्टीहरूसँग वार्ता चलाइरहेका छौं भन्ने कुराहरू उहाँहरूको आइरहेका छन् । केपी ओली नेतृत्वको सरकार बन्ने समयमा माओवादी केन्द्रले समर्थन गरेर पार्टी नै विलय गरायो । तत्कालीन अवस्थामा राजपा र समाजवादी पार्टीले पनि केपी ओली नेतृत्वको सरकारलाई समर्थन गर्‍यो । उपेन्द्र यादवको पार्टीले सहमति गरेर सरकारमा सहभागी नै भयो र राजपाले समर्थन गर्‍यो । त्यो अवधिमा मधेशका कुनै पनि मुद्दाको सम्बोधन केपी ओली नेतृत्वको सरकारले गरेन । केपी ओलीको व्यवहारले तत्कालीन ती दुवै पार्टीलाई सडकमा पुर्‍यायो । यता आएर केपी ओलीले संसद विघटन गरेपछि केपी ओलीसँग वार्ता गर्नुपर्ने, केपी ओलीसँग आशाको नजरले हेर्नुपर्ने, केपी ओलीले मधेशबाट मुद्दाहरू सम्बोधन हुन सक्छ भन्ने आशा गर्नु उचित होइन । तर उहाँहरूले केपी ओलीमा के हेर्नुभएको छ, त्यो उहाँहरूको कुरा हो । अहिले जसपाका साथीहरू फेरि किन केपी ओलीसँग लसपस गरिरहेका छन् त्यो बुझ्न सकिरहेको छैन । अहिले पनि हामी चाहन्छौं कि जसपाले एउटा ठोस निर्णय लिओस् ।

० कांग्रेसले जसपाको माग सम्बोधन गर्छ त ?

– पहिला पनि तत्कालीन मधेशकेन्द्रित दलहरूले संविधान संशोधनको कुरा उठाउँदा नेपाली कांग्रेसको सरकार भनौं वा समर्थित सरकारले दुई-दुई पटक संशोधन प्रस्ताव दर्ता गर्‍यो । तर तत्कालीन एमालेको विरोधका कारण संविधान संशोधनको मुद्दा विफल भएको थियो । त्यस कारणले जुन सहमति गरेको थियो वा जुन कुरा गरेको थियो त्यसमा खरो रूपमा उत्रेको छ । अहिले पनि जुन कुराको सहमति हुन्छ, त्यसलाई इमान्दारीपूर्वक कांग्रेसले लागू गर्छ । कांग्रेसले जे भन्छ, त्यो गर्छ, झुठा आश्वासन दिने कुरा छैन । जसपा आफै अहिले निर्णय गर्ने अवस्थामा पुगेको छैन । त्यसकारणले पनि राजनीतिक निकास आउन सकेको छैन ।

० एमालेले जसपाको माग पूरा गर्न सक्दैन ?

– नेपाली कांग्रेस नेतृत्वको सरकारले व्यवस्थापिका संसदमा संविधान संशोधनको प्रस्ताव ल्याउँदा नेकपा एमालेले विपक्षमा मतदान गरेकोले त्यो विफल भएको थियो । अर्को कुरा करिब दुई वर्षसम्म तत्कालीन राजपाले सरकारलाई समर्थन दिएको र उपेन्द्र यादवको पार्टीमा सरकारमै गएपनि संविधान संशोधन, मधेशको सवाल, नागरिकता समस्या समाधान वा संघीयता कार्यान्वयन गर्ने सवालमा केपी ओलीको सरकारले उल्टो अपमानित गरेर दुईटै पार्टीलाई सडकमा पठाएको दृष्टान्त अगाडि छ । भनेपछि यति हुँदाहुँदै पनि केपी ओलीप्रति जसपाका साथीहरूले कसरी विश्वास गर्न सक्नुभएको छ, आश्चर्य लागिरहेको छ । विगतमा केपी ओलीको मधेशप्रतिको दुर्भावना र नकारात्मक चरित्र हेर्दा केपी ओलीसँग सहकार्य गर्ने सोच्नु बुद्धिमानी हुनेछैन ।

० भनेपछि कांग्रेस, माओवादी केन्द्र र जसपाको वैकल्पिक शक्तिले मधेशका मुद्दाहरू सम्बोधन गर्छ ?

– कांग्रेस, माओवादी केन्द्र र जसपा यी तीनै पार्टीको विचार मिलेको देखिन्छ । केपी ओलीले लोकतन्त्रलाई समाप्त गर्ने कदम चाल्नुभयो । केपी ओली सरकारको तीन वर्षको अवधि हेर्दा उहाँले धेरै लोकतन्त्र विरोधी कानून बनाउनुभएको छ, अध्यादेशहरू ल्याउनुभएको छ । यस्तो अवस्थामा केपी ओलीको विकल्पमा यी तीनै पार्टी मिलेर सरकार बनाउनु उचित हुनेछ । अहिले नेपाली जनताले पनि आशाको नजरले हेरिरहेका छन्, यी तीनै पार्टीबीचको सहकार्य उचित छ र हुनुपर्छ । यी तीनवटै पार्टी बसेर छलफल गरेर जसपाका मागहरू सम्बोधन गरेर अगाडि बढ्दा उचित हुनेछ ।

० माओवादी केन्द्रले केपी ओली सरकारबाट समर्थन पनि फिर्ता लिएको अवस्था छैन नि ?

– अहिले के कुरामा अलमल छ, त्यो बुझ्न सकिएको छैन । जसपाका महन्थ ठाकुर र राजेन्द्र महतो भन्नुहुन्छ कि हामी चारैतिरबाट ठगिएका छौं । कुन जमानामा कहाँ के ठगिनु भयो त्यो त विगतको कुरा हो । तत्काल ठगिएको मान्छेसँग गएर मिठाइ खाइरहनुभएको छ । केपीलाई दुई वर्षसम्म समर्थन गर्दा खेलायो-खेलायो र सडकमा पछारिदियो । त्यो कुरा तपाईं बिर्सिरहनुभएको छ, संसद विघटन गर्‍यो त्यो कुरा बिर्सिरहनुभएको छ । एउटा निर्णयमा जसपा पनि पुग्नुपर्‍यो । माओवादी केन्द्र पनि एउटा प्रष्ट दृष्टिकोण लिएर आएपछि तीनवटै दल मिलेर अगाडि बढ्दा लोकतन्त्रको पनि हित हुन्छ । लोकतन्त्र विरोधी शक्तिको रूपमा अहिले स्थापित केपी ओलीलाई हामीले परास्त गर्न सक्छौं ।

० सरकारको नेतृत्वबारे पनि सहमति जुट्न नसकेर पनि अहिले अनिर्णित देखिएको हो कि ?

– साधारण सामान्य ज्ञानको कुरो हो कि यी तीनटा पार्टीमा सबभन्दा ठूलो कांग्रेस रहेकोले कांग्रेसकै नेतृत्वमा जानुपर्छ । यो न्यायोचित पनि हुन्छ । जो ठूलो पार्टी हुन्छ, उसैले नै नेतृत्व गर्ने सम्भावना हुन्छ ।

० कांग्रेसले माओवादीको नेतृत्वलाई स्वीकार गर्ने अवस्था छ ?

– माओवादी त अहिले पनि सरकारमै छ । त्यसकारण माओवादीले नेतृत्व गर्ने कुरा राख्नु उचित देखिँदैन । केपी ओलीको विकल्पको सरकार दिँदा केपी ओलीलाई नै समर्थन गरेको अहिलेको जसपाले पनि दाबी गर्नु हुँदैन । तर ठूलो पार्टी कांग्रेस भएकोले कांग्रेसकै नेतृत्वमा वैकल्पिक सरकार बन्नु न्यायिक हुनेछ ।

० अब मुलुक फेरि चुनावतिरै जाँदैछ त ?

– केपी ओलीले असंवैधानिक र अलोकतान्त्रिक तवरले संसद विघटन गरिसकेपछि संसद स्थापित गर्न सबैभन्दा आवश्यक विषय थियो । संसद स्थापित हुने दुईटा बाटो मात्रै थियो । एउटा सर्वोच्च अदालतबाट संसद पुनर्स्थापना गर्ने वा निर्वाचनद्वारा संसद स्थापित हुन्थ्यो । अहिले पनि संसदबाट निकास निस्कँदैन भने निर्वाचन हुन्छ भने कांग्रेस त्यसका लागि पनि तयार छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

नेपाल-खनाल समूह भेलाको राजनीतिक प्रतिवेदन

नेकपा एमालेका वरिष्ठ नेता माधवकमार नेपाल र झलनाथ खनाल पक्षले बुधबार काठमाडौंमा राष्ट्रिय कार्यकर्ता भेलाको आयोजना गरेको छ । भेलाको बन्द सत्रमा राजनीतिक प्रतिवेदन पेस गरिएको छ । 'नेकपा एमालेको एकता बचाऔं, कम्युनिष्ट आन्दोलनको रक्षा गरौं' शीर्षकको आठ पृष्ठको प्रतिवेदन पेस भएको हो ।

राजनीतिक प्रतिवेदनको पूर्ण पाठ

कमरेडहरू,

आज हामीले यस राष्ट्रिय भेलाको आयोजना जुन क्षणमा गर्दै छौं यो कम्युनिष्ट आन्दोलनको असाधारण परिस्थिति हो । एकातिर हामी गएका ७० वर्षमा कम्युनिष्ट आन्दोलनले गरेको त्याग, बगाएको रगत, भोगेको यातना, खपेको बलिदान, कमाएको प्रतिष्ठा, प्रदर्शन गरेको धैर्य, प्रमाणित गरेको दूरदृष्टिको रक्षा गर्न, त्यसबाट मुलुकले पाएका उपलब्धीहरूको विस्तार गर्न र श्रमजीवी जनवर्गको पक्षमा अझ नयाँ नयाँ क्षितिजहरू उघार्दै अगाडि बढ्न पर्याप्त सम्भावना छन् भने अर्कोतिर पार्टीमा हुर्कंदै गरेको चरम महत्वाकाङ्क्षी व्यक्तिवादी गुटबन्दीले पार्टी र आन्दोलनमाथि थप्दै गरेका चुनौति, त्यसले भत्काउँदै गरेको सामुहिकतायुक्त पार्टी जीवन, लोकतान्त्रिक मूल्य र भावनाको क्षय, विचारहीन, असैद्धान्तिक तथा अराजनीतिक प्रवृत्तिहरूको वृद्धि र त्यसले हाम्रो आफ्नै पार्टी र आन्दोलनमा उत्पन्न गरेको विभिजन तथा विघटनका आशङ्का बढ्दै छन् । यो विरोधाभाष बीच हामी उभिएको परिस्थिति नै हाम्रा लागि असाधारण परिस्थिति हो ।

नेकपा एमाले नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा विशिष्ट प्रयोग हो । क्रान्तिकारी सङ्घर्षका दशकौंसम्म सयौं पार्टी, समूह र व्यक्तित्वहरू जुट्दै फैलिंदै गएर नेपालको राजनीति र समाजिक-साँस्कृतिक जीवनका सबै क्षेत्रमा विस्तार हुंदै गएको एक प्रकारको जीवन पद्धति हो । क्रान्तिकारी विचार र लोकतान्त्रिक मूल्यप्रतिको निष्ठा नै त्यस्ता आधारहरू हुन् जसले आजको विशाल नेकपा एमाले बनाए ।

आन्दोलनमा उतार-चढाव र विचारमा तलमाथि भएका अनेकौं कठिन क्षणहरूमा यसले आन्तरिक लोकतन्त्रको बलमा आफुलाई एकताबद्ध नै राखेको छ र कठिनाईमाथि विजयी भएको छ । अरू कैयन् पार्टीहरू विचारका हिसाबले क्रान्तिकारी छन् तर नेकपा एमालेको लोकतान्त्रिक चरित्रले उनीहरूभन्दा यसलाई अगुवा देखाउँछ, अरू कैयन् पार्टीहरूले लोकतन्त्रको दावी गर्छन् तर श्रमजीवी वर्गप्रति नेकपा एमालेको प्रतिबद्धताले यसलाई तिनीहरूभन्दा अब्बल राख्छ । यहि हो नेकपा एमालेको जीवन । तर आज पार्टीमा जे हुंदैछ त्यसले पार्टीलाई न त क्रान्तिकारी न त लोकतान्त्रिक रहन दिन्छ । अर्थात् हामी आज नेकपा एमालेका आधारभूत मूल्यहरूको रक्षा र विकासका चिन्ताले भेला भएका छौं । हामी नेकपा एमालेहरूका लागि यहि हो आजको असाधारण परिस्थिति ।

हामी नेकपा एमालेले बनाएको सैद्धान्तिक जगमा नेकपा माओवादी केन्द्रसमेत एकता गरेर मुलुकको समृद्धि र समाजवादतर्फ अगाडि बढ्ने पर्याप्त वस्तुगत तथा मनोगत अवस्थामा थियौं । पार्टी अध्यक्ष कमरेड के पी ओलीका विचार र व्यवहारले एकपछि अर्को समस्या थपिंदै गए । उहाँलाई नाजायज सुविधा दिएर भए पनि पार्टी एकतालाई जोगाउन अनेकौं प्रयत्न गरिए तर उहाँका क्रियाकलाप कम्युनिष्ट पार्टीलाई विभाजन गर्ने दिशामा नै अगाडि बढे । त्यसको पराकाष्टा वामपन्थीहरूको अद्वितिय बहुमत भएको प्रतिनिधिसभा विघटनमा भयो । त्यो दुर्घटना टरेको मात्रै थियो, संविधानको गलत व्याख्या गर्दै अदालतले दुई पार्टीको राजनीतिक एकतालाई कानूनी व्याख्याद्वारा नेकपा एमालेलाई एकिकरणभन्दा अघिको अवस्थामा पुऱ्यायौं ।

त्यो घटना कम्युनिष्ट आन्दोलनका लागि हामी आफैले कबोल गरेका वाचाहरूको प्रतिकुल थियो । त्यसमा समेत हर्षवढ्याई गरेर कमरेड के पी ओलीले एकताबद्ध नेपाल कम्युनिष्ट पार्टीको विभाजलाई आफ्नो गुटको विजय र अरूको पराजयका रूपमा प्रचार गराउनु भयो । पार्टी एककिरण पूर्वको नेकपा एमालेको अवस्थाबाट पार्टी जीवनलाई सुचारू बनाउने सम्भावना अझै बाँकि हुँदा हुँदै कमरेड अध्यक्षले नेकपा एमालेलाईसमेत विभाजित गर्न अगाडि बढ्नु भयो । यसक्रममा गत फागुन २८ गते उहाँले आफ्नो गुटको भेला गर्नु भयो र पार्टीको विधान र परम्परा विपरित त्यसै भेलालाई नेकपा एमालेको केन्द्रिय कमिटीको बैठक भनेर वक्तव्य जारी गर्नु भयो । यसरी कमरेड के पी ओली सुनियोजित रूपमा पार्टी विभाजन गर्न अगाडि बढेपछि नेकपा एमालेको एकता बचाउन र कम्युनिष्ट आन्दोलनको रक्षा गर्न नेकपा एमालेका समस्त सदस्यहरूलाई गोलबन्द गर्नु अनिवार्य भयो । त्यहि ऐतिहासिक दायित्व बोधका साथ यो राष्ट्रिय भेलाको आयोजना गरिएको हो ।

नवौं महाधिवेशनको दिशा र सम्भावना

२००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिमा एउटा नयाँ मोड थियो । करिब २ हजार वर्षको सामन्त वर्गले शासन गरेको समाजमा सर्वहारा वर्गको नेतृत्व र मजदुर-किसानको एकतामा आधारित भएर सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादका विरूद्ध संघर्षद्वारा जनवादी राज्यसत्ता स्थापना गर्ने आम कार्यदिशा लिएर राजनीतिक पार्टीको स्थापना हुनु आफैमा ऐतिहासिक घटना हो । भत्किंदै गरेको सामन्ती तथा एकतन्त्रीय जहाँनिया शासन र फैलिंदै गरेको पुँजीवादी तथा दलाल पुँजीवादी उत्पादनमा उठ्दै गरेको पुँजीवादी-जनवादी सामाजिक चेतना र त्यसलाई प्रतिनिधित्व गर्ने पुँजीवादी पार्टीले मजदुर तथा किसान क्रान्तिको नेतृत्व गर्न सक्दैनथे । त्यस अवस्थामा कम्युनिष्ट पार्टीको स्थापना सबैभन्दा विकसित सामाजिक चेतनाको प्रतिनिधित्व गर्थ्यो । यसरी कमरेड पुष्पलालको नेतृत्वमा गठित यस पार्टीले नेपाली राजनीतिमा एउटा नयाँ युगको प्रतिनिधित्व गर्थ्यो ।

सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवाद विरोधी जनवादी क्रान्तिको आम कार्यदिशामा अगाडि बढ्दै जाँदा नेपाल कम्युनिष्ट पार्टीमा कैयौं कार्यनीतिक विषयमा विवाद र अन्तरविरोधहरू देखा परे । मूलत: क्रान्तिको हिंसात्मक वा शान्तिपूर्ण बाटो र राजतन्त्र, नेपाली काङ्गेस र भारतलाई हेर्ने दृष्टिकोणमा भएका विवाद र अन्तरविरोधका कारणले कम्युनिष्ट पार्टीमा कैयन् पटक फुट-विभाजनहरू आए । तर अर्धसामन्ती तथा अर्धऔपनिवेशिक सामाजिक चरित्र र मजदुर-किसान एकतामा आधारित जनवादी क्रान्तिको चरित्रजस्ता आधारभूत मुद्दामा भने आमरूपमा सबैजसो समूहहरूका साझा धारणा थिए ।

नेकपा एमालेको नवौं महाधिवेशनले नेपाली क्रान्ति सम्बन्धी केहि यस्ता निष्कर्षहरू स्थापित गऱ्यो जसले कम्युनिष्ट आन्दोलनको भावि गन्तव्य अथवा नेपालका मार्क्सवादी क्रान्तिकारीहरूको कार्यभारलाई निर्देशित

गर्नेछ । सर्वप्रथमत: महाधिवेशनले नेपाली समाजको चरित्रमा आएको ऐतिहासिक परिवर्तनलाई सुस्पष्टरूपले रेखाङ्कित गऱ्यो । त्यसले नेपाली समाजको 'अर्धसामन्ती तथा अर्धऔपनिवेशिक' नरहेको तथ्यलाई ठम्यायो । सामन्तवादको विकास र विघटनको विवेचना गर्दै उत्पादन प्रणालीका रूपमा मुख्यत: सामन्ती जमिन्दारी व्यवस्था क्रमिकरूपमा विघटन भएको र नाफामुखी अर्थतन्त्रका आन्तरिक र बाह्य प्रक्रियाको विकासले गर्दा नेपाली समाज पुँजीवादी भएको निष्कर्ष निकाल्यो ।

सामन्ती सामाजिक आधारमा आएको परिवर्तनले राजनीतिमा ल्याएको परिवर्तनलाई व्याख्या गर्दै त्यसले लोकतान्त्रिक राजनीतिको विकास, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको मार्क्सवादी विश्लेषण गऱ्यो । यसरी पार्टी स्थापना कालमा निर्धारित गरिएको सामन्ती अर्थतन्त्र र सामन्ती राजतन्त्रको अन्त्य गर्ने नेपाली जनवादी क्रान्तिको मुख्य कार्यभार सम्पन्न भएको वस्तुगत विश्लेषणका आधारमा जनवादी क्रान्ति सम्पन्न भएको र समाजमा नयाँ वर्गहरू र अन्तरविरोधहरूको उदयका साथै तिनको समाधानका लागि नेपाली क्रान्तिको नयाँ कार्यदिशा सुनिश्चित गऱ्यो ।

दोश्रो कुरा, महाधिवेशनले हाम्रो जनवादी क्रान्तिको चरित्र र स्वरूपलाई स्पष्ट पाऱ्यो । त्यसअनुसार २०६२/६३ को जनक्रान्ति पुरानो खालको पुँजीवादी क्रान्ति होइन जसको नेतृत्व पुँजीपति वर्गको हुन्थ्यो । किनकि यो क्रान्तिको समग्र प्रक्रियामा कम्युनिष्टहरूको नेतृत्व छ । तर यो केवल कम्युनिष्ट पार्टीको नेतृत्वमा भएको जनवादी क्रान्ति पनि होइन किनकि यसमा पुँजीपति वर्गको पनि सहभागीता छ । यसरी यो क्रान्ति नेपालको आफ्नै विशिष्टतामा भएको र आफ्नै मौलिकतायुक्त क्रान्ति हो । त्यसैले नेपालको संविधानले अवलम्वन गरेका उदार लोकतन्त्र र समाजवादी ध्येयहरूलाई सँगसँगै सूत्रबद्ध गरेको छ ।

यस तथ्यले नेपाली क्रान्तिको राजनीतिक भविष्यलाई देखाएको छ । त्यसको अर्थ नेपालको समाजवादी क्रान्तिको निर्माण पनि उदार लोकतान्त्रिक प्रतिस्पर्धामा कम्युनिष्टहरू सहभागी भएर आफ्ना समाजवादी ध्येयहरू प्राप्त गर्ने दिशामा अगाडि बढ्नु पर्नेछ । तेश्रो, नवौं महाधिवेशनले नेपाली कम्युनिष्टहरूका लागि आगामी कार्यभारको मोटामोटी रूपरेखा पनि प्रस्तुत गरेको छ । सामान्यतया पुँजीवादी समाजमा गरिने क्रान्तिको चरित्र समाजवादी हुन्छ । तर उत्पादक शक्तिको विकासका हिसाबले नेपाली समाज समाजवादी निर्माणका तयार नभैसकेको अथवा अर्थतन्त्रमा औद्योगिक तथा राष्ट्रिय पुँजीको तुलनामा दलाल तथा अनुत्पादक पुँजीको वर्चस्व भएको हुंदा आजको अवस्थामा राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको तयारी गर्नु आजको क्रान्तिकारी कार्यदिशालाई हो भनेर महाधिवेशनले स्थापित गऱ्यो। नवौं महाधिवेशनले निकालेका यी निष्कर्षहरूले हामीलाई अर्को नयाँ युगको चरित्र, विशेषता, चुनौति र कार्यभार सुम्पेका छन् । महाधिवेशनले नेपाली समाज र राजनीतिका मूलभूत प्रश्नहरू समाधान गरे पनि नेतृत्वका लागि केहि महत्वपूर्ण कामहरू सुम्पेको थियो । त्यसमध्ये एउटा महत्वपूर्ण सैद्धान्तिक तथा कार्यक्रमिक काम थियो । महाधिवेशनद्वारा पारित राजनीतिक दस्तावेजले स्पष्टरूपले भन्छ : 'परिवर्तित सन्दर्भमा नेपाली समाजमा रहेका विभिन्न वर्गहरूको नयाँ ढङ्गले विश्लेषण गर्नुपर्ने, क्रान्तिका सहयोगी या विरोधीका रूपमा उनीहरूको भूमिका निर्क्यौल गर्नुपर्ने र ' वर्गसङ्घर्षको ठोस स्वरूप किटान गर्नुपर्ने आवश्यकता '. छ । पार्टीले आगामी दिनमा'..समाजको अझ सघन अध्ययन गर्नेछ, वर्ग विश्लेषण गर्नेछ र पार्टीका नीतिहरूलाई समृद्ध बनाउनेछ ।' त्यस्तै, नवौं महाधिवेशनले राष्ट्रिय पुँजीको विकास गर्ने र समाजवादको तयारी गर्ने आम कार्यदिशाअनुरूप पार्टीको विस्तृत कार्यक्रम निर्माण गर्ने काम हामीलाई सुम्पेको थियो ।

'समृद्ध नेपाल, सुखी नेपाली' शिर्षकको सङ्कल्प प्रस्तावका व्याख्या गर्दै भनिएको छ : "पार्टीले विभिन्न क्षेत्रका विज्ञ, विशेषज्ञ र आम जनताको समेत राय लिएर अविलम्ब सामाजिक-आर्थिक रूपान्तरणको ठोस योजना निर्माण गर्नेछ । पार्टीले सरकारको नेतृत्व गरिरहँदा या सरकारमा सहभागी हुँदा त्यही ठोस योजनालाई कार्यान्वयन गर्नेछ । विपक्षमा हुँदा वैकल्पिक कार्यक्रमको रूपमा अगाडि सार्नेछ र सरकारलाई कार्यान्वयनका लागि दबाब दिनेछ । स्थानीय सरकारमा सहभागी पार्टी प्रतिनिधिहरूले त्यही योजनाको मार्गदर्शनमा आ-आफ्नो क्षेत्रमा रूपान्तरण र समृद्धिका ठोस कार्यक्रम बनाउनेछन् तथा सम्पूर्ण पार्टी पङ्तिले पनि यही योजनालाई कार्यान्वयन गर्न ठोस कार्यसूची बनाई काम गर्नेछन्।'

महाधिवेशनले दिएको अर्को असाधारण महत्वको काम सङ्गठनसँग सम्बन्धित छ । आजभन्दा छ वर्ष अगाडि नै सङ्गठनका समस्या कसरी देखिंदै छन् भन्ने बारेमा दस्तावेज भन्छ : 'पछिल्लो समय सङ्गठनात्मक आकार भद्दा हुने, सङ्गठनमा आबद्धताका मापदण्ड र प्रक्रियाको कडाइका साथ पालना नहुने, सङ्गठनहरू कार्यार्थभन्दा पनि बोधार्थ या मानार्थ जस्ता हुने र गरिएका निर्णयहरू कार्यान्वयनमा समस्याहरू उत्पन्न हुन थालेका छन् ।' त्यस्तै, : 'हामीले पार्टी जीवनको लोकतान्त्रिकरणको अभ्यास गर्दै आएका छौं । यसले सकारात्मक परिणाम ल्याएको छ ।

तर अभ्यासका क्रममा यसले केही नकारात्मक परिणामहरू पनि जन्माएको छ । खासगरी, पार्टीको आन्तरिक निर्वाचनमा हुने प्यानलगत उम्मेदवारी, त्यसले सिर्जना गर्ने भावनात्मक र सङ्गठनात्मक विभाजनको मनस्थिति, निर्वाचन जित्नका लागि चालिने सबै खाले उचित/अनुचित कदमहरू नयाँ चुनौतीका रूपमा खडा भएका छन् ।' "प्रत्येक पार्टी कमिटीले आर्थिक उत्पादनका ठोस योजना बनाउनु पर्छ र यस सम्बन्धमा नमूना बन्दै जनतालाई गोलबन्द गर्नुपर्छ । जहाँजहाँ उत्पीडन, विभेद र जनतामाथि समस्या देखा पर्छ, पार्टी समाधानको विकल्पसहित त्यहाँ उपस्थित हुनैपर्छ । पार्टी कार्यकर्ताहरू स्वयम् पनि उत्पादन र श्रम कार्यमा आबद्ध हुनुपर्छ र आर्थिक रूपले आत्मनिर्भर एवम् स्वावलम्बी बन्नुपर्छ । राज्यलाई कर तिर्ने र पार्टीलाई आफ्नो श्रम/उत्पादनबाट टेवा पुऱ्याउने कुरालाई विशेष प्रोत्साहन गर्नुपर्छ ।'

हाम्रो पार्टी नेकपा एमाले जनताको बहुदलीय जनवादको प्रकाशमा लोकतान्त्रिक अभ्यासद्वारा विकसित र समृद्ध हुँदै आएको पार्टी हो । लोकतान्त्रिक अभ्यासका क्रममा हामीले नयाँ नयाँ संरचना र प्रकृयाहरू विकास गर्दै आएका छौं । त्यसको एउटा विशिष्ट प्रयोगका रूपमा नवौं महाधिवेशनमा केन्द्रिय कमिटी र निकायहरूको निर्वाचन प्यानलहरू खडा गरेर सम्पन्न गऱ्यौं । उक्त महाधिवेशनको एउटा विरोधाभाष के हुने गयो भने नेपालको कम्युनिष्ट आन्दोलनमा त्यति महत्वपूर्ण सैद्धान्तिक योगदान गरेको महाधिवेशनले पार्टीको नेतृत्वमा ती सैद्धान्तिक निष्कर्षहरूको विपक्षमा रहनु भएका कमरेड के पी शर्मा ओलीलाई पार्टीको अध्यक्ष निर्वाचित गऱ्यो भने ती विचारहरूका साथ अध्यक्षका उम्मेदवार कमरेड माधवकुमार नेपाल पराजित हुनु भयो ।

आफु असहमत रहेको हुँदा अध्यक्ष के पी शर्माले नवौं महाधिवेशनका ती निर्णयहरू लागू नगर्नु भएको वा लागू गर्न अरूची देखाउनु भएको मात्रै होइन कि पार्टी पङ्तिले ती निर्णयहरूबारे जानकारी पाउने अधिकार पनि दिनु भएन । करिब चार लाख सदस्य र करिब '.हजार निर्वाचित जनप्रतिनिधि भएको नेकपा एमालेका केन्द्रदेखि स्थानीय तहसम्म हरेक कमिटी र सदस्य महाधिवेशनका निर्णय र दिशाअनुसार परिचालित हुँदा कार्यक्रम पार्टी र जनतालाई असाधारण उपलब्धी प्राप्त हुन्थ्यो । विचारहीनता, गुटबन्दी, अवसरवाद, व्यक्तिवाद, विधि-पद्धतिको उल्लङ्घनजस्ता विकृतिहरू झाङ्झिन पाउँदैनथे ।

महाधिवेशनपछि समस्या अझै बढ्दै गए

संविधान निर्माण भएपछि नेकपा एमालेले सरकारको नेतृत्व गर्ने र नेपाली काङ्गेसले राष्ट्रपति प्रस्तावित गर्ने र नेकपा माओवादीले सभामुख प्रस्तावित गर्ने सहमति मुख्य राजनीतिक दलहरूको बीचमा भएको भयो । यो सहमति लगत्तै वैशाख १२ गते महा भूकम्पले धनजनको ठूलो क्षति भयो । त्यसले देशमा शान्ति र संविधानको पक्षमा भावनात्मक उभार ल्यायो । भूकम्प पीडितहरूको उद्धारमा नेकपा एमालेका हजारौं कार्यकर्ता परिचालित भए । उता संविधान निर्माणको काम तीव्र भयो । लामो सङ्क्रमणकालीन अस्थिरता व्यहोरेर आएको र भर्खर महाभूकम्पको धक्काले धक्काले थलिएको मुलुकमा शान्ति र स्थीरताका पक्षमा व्याकुलता बढेको थियो । यसै बीच भारतले आफ्ना दूत मार्फत् संविधान जारी नगर्न खुल्लारूपले दबाब दियो ।

त्यसले भारतको नीतिप्रति नेपाली जनतामा रोष पैदा भयो र संविधानको पक्षमा अझ ठूलो जनमत तयार भयो । भारतेली नीतिको प्रतिरोध गर्न असाधारण राष्ट्रिय एकता निर्माण भयो । संविधान जारी भएपछि भारतले नाकाबन्दी लगायो । सहमतिअनुसार प्रधानमन्त्री सुशील कोइरालाले राजीनामा दिएर सहज निकास दिनु पर्नेमा नेपाली काङ्गेसले सुशील कोइरालालाई नै नयाँ प्रधानामन्त्रीका लागि संसदमा प्रस्तुत गऱ्यो । यी घटनाक्रमले जनताको समर्थन नेकपा एमालेका पक्षमा बढ्दै गयो । आम जनता नाकाबन्दीको विरूद्ध सरकारको पक्षमा थिए ।

नेपाली काङ्गेसले सहमति तोडेको हुँदा जनताका बीच नेकपा एमालेको पक्षमा जनमत अझै बढ्दै गयो । यस्तो परिस्थितिमा कमरेड के पी ओली नेकपा माओवादी केन्द्रको समेत समर्थनमा संयुक्त सरकारको प्रधानमन्त्री बन्नु भयो । संविधानको रक्षा र भारतीय नाकाबन्दीको विरूद्ध सरकारले मुलुकको नेतृत्व गऱ्यो । यसै बीच सरकारले चीनसँग यातायात तथा पारवहन सम्झौता गऱ्यो । यसले नेकपा एमाले र सरकारको प्रतिष्ठा बढायो । त्यसको मुख्य व्यक्तिका रूपमा कमरेड के पी ओलीको लोकप्रियता बढ्यो ।

नेकपा माओवादी केन्द्रसमेत रहेको हुँदा सरकार वस्तुत: वामपन्थी चरित्रको थियो । कुशलतापूर्वक चलाउन सकेको भए वामपन्थी नेतृत्वकै सरकारले स्थानीय, प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन गराउँदै अगाडि बढ्ने सम्भावना थियो । तर कमरेड के पी ओलीले सहमतिको पालना र नेतृत्व गर्न नसक्दा, आफ्नै नेतृत्वमा बाहेक अरूले नेतृत्व गरेको सरकारमा नेकपा एमालेलाई जान नदिने अडान लिनु भएपछि नेकपा एमाले सरकारबाट बाहिरिनु पऱ्यो ।

वस्तुत: नाकाबन्दीको सामना गरेको सरकारको प्रधानमन्त्रीका रूपमा कमरेड के पी ओलीको लोकप्रियता बढेपछि उहाँमा व्यक्तिवादी, स्वच्छन्दतावादी प्रवृत्ति चुलिंदै गएका थिए । उहाँ सरकारमा भएको र सरकार लोकप्रिय नै भएको हुँदा अध्यक्षका रूपमा पार्टी सञ्चालनमा उहाँका कमजोरी ओझेलमा परेका थिए । नेकपा एमाले सरकारबाट बाहिर आएपछि नेकपा माओवादी केन्द्रसँग नेकपा एमालेको सम्बन्ध बिग्रिंदै गयो, तिक्तता बढ्दै गयो । स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रले नेपाली काङ्गेसँग तालमेल गऱ्यो । कम्युनिष्ट पार्टीहरू बीच सहकार्य गर्न सकेको भए त्यसले स्थानीय तहमा अझ व्यापक वामपन्थी आधार बनाउँथ्यो । हामीले त्यो अवसर गुमायौं ।

प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन नजिकिंदै गर्दा नेकपा माओवादी केन्द्रका विरूद्ध व्यक्तिगतरूपमा पनि आक्रामक रहँदै आउनु भएका अध्यक्ष कमरेड के पी ओलीले नेकपा माओवादी केन्द्रसँग आन्तरिक समझदारी गरेर गठबन्धनका आधारमा निर्वाचनमा जाने र पार्टी एकतासम्म पुग्ने प्रस्ताव अचानक स्थायी कमिटीमा पेश गर्नु भयो । पार्टीमा छलफल नगरिकन एक्लै निर्णय गर्ने उहाँको शैलीले अनेक प्रश्नहरू उठिरहेका थिए । स्थानीय तहको निर्वाचनको उम्मेदवारीमा उहाँले गरेका गुटबन्दीपूर्ण जिद्दीले पार्टीमा आशङ्का बढाइरहेको थियो ।

जसरी आएको भए पनि तर वामपन्थीहरूबीच सहकार्यको प्रस्ताव उचित नै भएको हुँदा स्थायी कमिटीले त्यस प्रस्तावलाई पारित गऱ्यो । वामपन्थी सहकार्यको पक्षमा रहेको ठूलो जनमतलाई त्यसले उत्साहित बनायो । आम जनतामा बहुमतको स्थीर वामपन्थी सरकार र कम्युनिष्ट पार्टीको नेतृत्वमा समृद्धि र समाजवादतर्फको राजनीतिक भविष्यप्रति आशा जगायो । नेकपा एमालेको तर्फबाट वामपन्थी गठबन्धनको एउटा नेताका रूपमा अध्यक्ष ओलीले पार्टीको सबै शक्ति आफ्नो हातमा लिंदै हुनुहुन्थ्यो, प्रतिनिधिसभा र प्रदेशसभाका प्रत्यक्ष र समानुपातिक उम्मेदवारीमा उहाँले चरम गुटबन्दीको प्रदर्शन गर्नु भएको थियो र पार्टी स्थायी कमिटीमा त्यसको आलोचना पनि भैरहेको थियो तर वामपन्थी सहकार्यको पक्षमा उर्लेको जनताको समर्थनको दूरूपयोग गर्दै उहाँले पार्टीमा बलमिच्याईं गरिरहनु भयो ।

निर्वाचन परिणाम कम्युनिष्ट पार्टीको पक्षमा आयो । नाकाबन्दीका विरूद्ध नेपाली जनताको नेतृत्व गरेको, चीनसँग व्यापार तथा पारवहन सम्झौता गरेर नेपालको चीर प्रतिक्षित आकाङ्क्षालाई सम्बोधन गरेको, वाम गठबन्धनद्वारा मुलुकमा बहुमतको स्थीर सरकार बनाउन नेतृत्व गरेकोजस्ता कारणले कमरेड ओली र पार्टीको लोकप्रियता अक्कासियो । वामपन्थी सरकारको प्रधानमन्त्रीका रूपमा कमरेड ओलीको पुनरागनमले मुलुकलाई एउटा राष्ट्रिय आशा जगायो । गैर कम्युनिष्ट बौद्धिक जनमतले समेत सरकारको पक्षमा खुलेर समर्थन गऱ्यो । कमरेड ओलीमा अझ बढी आत्मगौरव बढ्यो ।

एक्लै निर्णय गर्ने उहाँको कार्यशैली अझ बढ्यो । पार्टी एकता ढिलो हुँदै गएको थियो । तर पार्टीमा छलफल हुन छाडेको थियो । यसै बीच पहिलेभैं उहाँले नेकपा केन्द्रसँग पार्टीको सिद्धान्त, नाम, सङ्गठनात्मक व्यवस्थालगायत कैयन् विषयमा एकलौटी सम्झौता गर्नु भयो र अचानक पार्टी एकताको प्रस्ताव सुनाउनुभयो । पार्टीको कार्यकारी अध्यक्ष र प्रधानमन्त्रीसमेत नेकपाका दुईजना अध्यक्षका रूपमा कमरेड के पी ओली र प्रचण्डले आलोपालो गर्ने गोप्य सम्झौतासमेत गर्नु भयो । यसरी एकातिर कम्युनिष्ट आन्दोलनले ऐतिहासिक उपलब्धीहरू प्राप्त गर्ने सम्भावनाका ढोकाहरू खुल्दै गएका थिए भने त्यसको नेताका रूपमा कमरेड ओलीको व्यक्तिकेन्द्रित चरम गुटबन्दी पूर्ण कार्यशैलीले क्रमश: पार्टीलाई समस्याग्रस्त बनाउँदै गयो ।

मधेश अपडेट

वडा सदस्यहरूले नै गरे तालाबन्दी

जनकपुरधाम । प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा जनप्रतिनिधिबीच कुरा नमिल्दा वडा कार्यालयमै ताल्चा लगाएका छन् । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर- २१ का वडा अध्यक्ष रामेश्वर महासेठले एकलौटी गरेको भन्दै वडा सदस्यहरूले वडाध्यक्षको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै तालाबन्दी गरेका हुन् । जनकपुरधाम उपमहानगर वडा नम्बर- २१ कुर्था स्थित वडा कार्यालयमा वडा सदस्यहरू महेन्द्र महतो, वैद्यनाथ पण्डित र कुन्ती देवी महराले कार्यालयमा तालाबन्दी गरेका छन् । वडा सदस्य महेन्द्र महतोले वडाध्यक्ष रामेश्वर महासेठले हरहिसाब सार्वजनिक नगरेको, योजना छनौटमा मनोमानी गरेको र सडक निर्माणमा काखा पाखा गरेको आरोप लगाउँदै उनले विभिन्न १२ बुँदे मागसहित आफूहरूले तालाबन्दी गरेको बताए । वडा सदस्य महतोले वडा अध्यक्ष महासेठमाथि आरोप लगाउँदै भने- वडाको हिसाब किताब सार्वजनिक गर्न र सडक निर्माण नक्सा अनुसार गर्न आग्रह गरेपनि वडाध्यक्ष महासेठले वेवास्ता गरिरहेको छ । वडाध्यक्ष महासेठले नातेदारलाई उपभोक्ता समिति बनाएर योजना सञ्चालन गरिरहेको पनि उनको आरोप छ । यसअघि सदस्यहरूले उपमहानगरपालिकाको कार्यालय र जिल्ला प्रशासन कार्यालय धनुषामा समेत निवेदन दर्ता गराएका थिए । तर, जनकपुरधाम उपमहानगरका नगर प्रमुख लालकिशोर साह र प्रमुख जिल्ला अधिकारीले चासो नलिएपछि बाध्य भएर तालाबन्दी गरेको वडा सदस्य वैद्यनाथ पण्डितले बताए । वडा स्तरीय अनुगमन समिति चयन गर्नुपर्ने, वडामा कुनै काम हुँदा अनिवार्य वडा सदस्यको उपस्थिति हुनुपर्ने, योजना तर्जुमा स्थानीय र वडा सदस्यको सल्लाहमा हुनपर्ने, आय-व्यय सार्वजनिक गर्नुपर्ने र विकास निर्माणको काममा होर्डिङ बोर्ड लगाउनु पर्ने लगायत वडा सदस्यहरूको १२ बुँदे माग गर्दै तालाबन्दी गरेको उनले जनाए ।

सीमाबाट किशोरीको उद्धार

रौतहट । रौतहटको नेपाल-भारत सीमा नाकाबाट प्रहरीले एक किशोरीको उद्धार गरेको छ । उनलाई भारततर्फ लैजाँदै गर्दा प्रहरीले उद्धार गरेको हो । हेटौंडाको एक होटलमा काम गर्दै आएकी १७ वर्षीया निर्मला तामाङलाई जिल्लाको ईशनाथ नगरपालिका-५ स्थित नेपाल-भारत सीमा नजिकबाट प्रहरीले उद्धार गरेको हो । तामाङले आफ्नो घर दोलखामा भएको तर पालिका थाहा नभएको बताएकी छन् । उनले बुबाको नाम पासबिर तामाङ बताएपछि जिल्ला प्रहरी रौतहटले अभिभावकसित सम्पर्क गरेको थियो । तर कोही सम्पर्कमा नआएपछि चन्द्रनिगाहपुरस्थित मेची महाकाली बुहारी संयुक्त आवाज २ नम्बर प्रदेश कार्यलयमा सुरक्षित साथ राख्न जिम्मा दिइएको प्रहरी निरीक्षक सुशीलकुमार पाण्डेले बताए । महिला हकहितका लागि आवाज उठाउँदै आएको बुहारी संयुक्त आवाज प्रदेश संयोजक पूजा पाठक तिमल्सिनाले सीमा क्षेत्रबबाट उद्धार गर्न सफल किशोरीको अभिभावकको सम्पर्कमा लागि परेको बताइन् ।

सत्ती भन्सार अझै खुलेन

कैलाली । सरकारले भारतसँग सीमा जोडिएका सिमानाका खुला गर्ने निर्णय गरे पनि कैलालीको सत्ती भन्सार नाका अझै आवतजावतका लागि खुला भएको छैन । नाका नखुल्दा अहिले दैनिक सयौं भारतीय नागरिक लुकिछिपी नेपाल प्रवेश गर्ने गरेका छन् । खुला सिमानाका कारण नेपाली तथा भारतीय नागरिक लुकिछिपी नेपाल-भारत प्रवेश गर्ने गरेको भए पनि सीमा प्रहरी मुकदर्शक जस्तै बनेको छ । पहिले सो भन्सार कार्यालयमा मात्र सीमासुरक्षा प्रहरीको क्याम्प रहँदा लुकिछिपी आउने क्रमलाई रोक्न चुनौती रहे पनि अहिले एक किलोमिटरको दूरीमा सीमा सुरक्षा प्रहरीको क्याम्प स्थापना भएको छ । भारतको तिकुनियाँका हरिश कुरेसीले प्रहरीको आँखा छलेर आफूहरू कामका लागि नेपाल प्रवेश गरेको जानकारी दिए । खत्रौला बिओपीका प्रमुख पदमराज भट्टले भन्सारमा सामान आयात निर्यात भए पनि मानिसको आवतजावत भने नभएको दावी गरे । उनले भारतीय नागरिक नेपाल प्रवेश गरेको सूचना आफूहरूलाई पनि आएको जनाउँदै लुकिछिपी प्रवेश गर्ने ती नाकामा आफ्नो कार्यक्षेत्र नपरेको बताए ।

'ओलीसँग सहकार्य गरेर सरकारमा जाँदैन'

राजविराज । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले वैकल्पिक सरकारको प्रधानमन्त्रीका रूपमा पार्टी सभापति शेरबहादुर देउवा उपयुक्त हुने बताएका छन् । राजविराजमा आयोजित पत्रकार सम्मेलनमा सिटौलाले सरकारको नेतृत्व गर्न कांग्रेस तयार रहेको र सो का लागि पार्टी सभापति शेरबहादुर देउवा उपयुक्त हुने बताए । प्रधानमन्त्री केपी ओलीले राजनीतिक नेतृत्व लिने अवस्था नरहेको भन्दै सिटौलाले वैकल्पिक सरकारको नेतृत्वका लागि माओवादी र जनता समाजवादी पार्टीसँग छलफल चलिरहेको बताए । ओलीसँग सहकार्य गरेर आफ्नो पार्टी सरकारमा नजाने बताएका सिटौलाले ओलीको राजीनामा पछि कांग्रेस, माओवादी र जसपाको संयुक्त सरकार बनाउने गरी छलफल भइरहेको बताए । उनले कांग्रेसकै कमजोर भूमिका र सदासयतालेे प्रधानमन्त्री केपी ओलीले संसद विघटन गर्ने साहस गरेको बताए । नेता सिटौलाले भने,

आवाज देउ भट्ट जस्ताको न्यायका लागि

ध्रुब कुमार मण्डल
अधिवक्ता

राणा देखी पंचायत । पंचायत देखि बहुदल । बहुदल देखि संघ सम्म आई पुग्दा चेली बेटीको अवस्था त्यस्तै छ । आमाहरू दिदी बहिनीहरूको अवस्था त्यस्तै छ । हाम्रा चेली बेटीहरूलाई दिदि बहिनीहरूलाई । आमाहरूलाई जहाँ तहि असुरक्षा । घरमा गाउँमा हरेक ठाउँमा असुरक्षै असुरक्षा बेहोरी रहने अवस्था छ । तर को वाट किन ? प्रश्न खडा हुन्छ । के भए सुनिता नमिता हत्या काण्ड । खोइ हत्यारा । जवाफ छ पतो लागेन । यस्तै अनेक-अनेक प्रश्नको एउटै जवाफ छ पतो लागेन । निर्मला पन्त वलात्कृत भई । फेरी हत्याको शिकार । एक पछि एक यस्ता अनेक घटना र उदाहरण हुन । के भए । त्यतिकै सेलाए । को हुन जिम्मेवार जवाफ कठिन छ । अहिलेको टटकारो उदाहरण दिन दिनै समाचार रेडियो, नेट, पत्रपत्रिका, भागिरथी भट्टको वलात्कार पछि हत्या कसले भन्ला । प्रश्न अनुतरीत अहिलेसम्म छ । प्रहरीको खोज भयो तर संकाशपद अवस्थाको अनुसंधान रहेको विभिन्न कोणवाट आवाज उठि रहेको छ वास्तविक अपराधी पता किन लागेन ? को हुन वास्तविक अपराधी ? यस्ता पापी ? जवाफ परिस्थीति सँग छ भन्ने स्थिती सँग छैन । किनभने मर्ने मरी सके मर्नेको पछि किन लाग्ने ? गर्ने गरी सके पछि किन लाग्ने ? जे भयो भयो अब हुनु हुँदैन भनेर टार्ने हाम्रो वाणि र व्यवहार सामाजिक परम्परागत मुल्य र मान्यतामा आधारित हाम्रो सोच प्रति धिक्कार छ ।

म नेपाली हुँ । तिमि पनि नेपाली हौ । नेपालमा बस्ने सबै नेपाली हुन् । यानी नेपालमा बस्ने हामी सबै नेपाली हौं । हामी नेपाल आमाका संतान हौं ।

यत्र नार्यस्तु पूज्यन्ते रम्यन्ते तत्र देवता: ।

यत्र नार्यस्तु नत्र पूज्यन्ते तत्र सफला: कृया निष्फला: ॥

हाम्रो भाषाको जननी मातृभाषा संस्कृतको लोकोक्ति भन्दैछ । जहाँ नारीको सम्मान हुन्छ, जहाँ नारी पुजिन्छ त्यहाँ देउताको वास हुन्छ । जहाँ नारीको पूजा हुँदैन नारीको अपमान हुन्छ त्यहाँ सफल कार्य पनि निस्फल हुन्छ । हुन त अहिले विश्व नै पुरूष प्रधान हो र नेपाल पनि पुरूष प्रधान नै हुन् । तर नेपाल हाम्रो मातृभुमी हो र हामी नेपाली नेपाल आमाकै संतान हौं । सिता सावित्रिको देश हो नेपाल । वाचुञ्जेल सीतालाई सावित्रिलाई पिडा दिने तर मरे पछि पूजा यो पूजा होइन प्रायश्चीत हो । हामी प्रतिगामी हौं । प्रतिक्रियावादी हौं । नारीको स्तित्वलाई सतित्वलाई स्वीकार गर्दैनौं । त्यसैले त यस देशलाई सतिले सरापेको देश भनेर भनिन्छ ।

नेपाली चेली वेटी हौ, दिदी बहिनी र आमाहरू हौं हामी एकछिनको त्यो पल क्षणलाई सम्झौं याद गरौं जतिवेला भागरथी, निर्मला, वा जो कोही वलत्कृत महिलाको त्यो पिडा जतिवेला यि काम पिपासु व्वाँसोले आक्रमण गरेर जोर जवरजस्ती र बलपूर्वक बलात्कार गर्दै होला । हाम्रो जीउ सिरिङ्ग हुन्छ । जो कोही सचेत नागरिक चाहे ती पुरूष हुन या महिला मन रून्छ, आत्मा काँम्छ, शरिर छिया-छिया हुन्छ । तत्पश्चात हत्या । त्यो पलको पिडालाई याद गरौं । सम्झौं । आफैलाई आफैसँग त्यहीं घटना भएको भए कस्तो हुन्थ्यो होला वा सोध ति महिलालाई दिदी बहिनी र आमालाई अनि हेर आफुतिर के गर्ने के नगर्ने । गर्ने कि मर्ने ? निर्णय आफ्नै हातमा हुन्छ । त्यसैले आमा हौ, त्यस्तो छोराहरू बार, दिदी-बहिनीहरू हौं यस्ता दाजूभाईलाई बढारौं । वुहारीहरू हौ यस्ता देवरलाई पतिहरूलाई ज्यान मार ।

हामी सबै नेपाली नेपाल आमाकै संतान हौं । चाहे ति हिमालका हुन, या तराई मधेशका हुन् वा पहाडका हुन । पिडक र पिडिता पनि नेपाल आमा कै संतान हुन तर किन यस्ता पशुता र क्रुरता ? पहिले वलात्कार पछि हत्या म भन्न चाहन्छु ती आमालाई जसले यस्ता छोराहरूलाई जन्म दिए किन ? त्यस्ता छोराहरूको चुल्हा चौका, भान्साभात नवार्ने ? म भन्न चाहन्छु ती छोरीहरूलाई किन यस्ता कलंकीलाई खुकुरीले न काट्ने म भन्न चाहन्छु ति बहिनीहरूलाई किन यस्ता दाईलाई मुखमा नथुक्ने ? घाँटी नरेट्ने ? म भन्न चाहन्छु त्यस्ता परिवार र समाजलाई किन यस्ता अपराधीलाई लिंग न काट्ने ? दोष त्यहाँ पनि छ म भन्न चाहन्छु ती सरकार र राज्यलाई त्यस्ता अपराधी र पापीलाई मृत्यूदण्ड किन न दिने ? म भन्न चाहन्छु ती बन्धु बान्धवलाई त्यस्ता अन्यायी र बेइमानलाई बहिस्कार किन न गर्ने ?

सामाजिक भु-बनोटको आधारमा निर्धारित सामाजिक मुल्य र मान्यताहरूले यस्ता कार्यमा छुट पाउने र अपराधीक क्रियाकलापहरू बढ्ने गरेको पाइएको छ । जसको निवारणको लागि संविधानले पहिलो पटक महिलाको अधिकार, बालबालिकाको अधिकार र पीडितको अधिकारको व्यवस्था गरी हिंसा तथा अपराधवाट पीडित महिला, बालबालिका तथा व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा भाग ३ को धारा ३८ मा सुनिश्चित गरेको छ र यस हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न ऐन कानुन निर्माण गरि कार्यान्वयन गरेको पाइन्छ । हिंसा प्रभावित महिला, किशोरी तथा बालिकाहरूको न्याय र सुरक्षामा सहज पहुँचकालागि दुईवटा महत्वपूर्ण ऐनहरू ल्याएको छ : *अपराध पीडित संरक्षण ऐन, २०७५ तथा बालबालिका सम्बन्धी ऐन, २०७५* । त्यसै गरी, मुलुकी (फौजदारी संहिता), २०७४ ले पनि पीडितको क्षतिपूर्तिको अधिकारलाई सुनिश्चित गरेको देखिन्छ । साथै मुलुकी अपराध संहिता २०७४ लेत महिला हिंसा र अपराधका विषयमा अक्षम्य हुने सम्मको मापदण्ड समेत तोकी दण्ड सजायको व्यवस्था गरेको पाइन्छ । यसका अतिरिक्त नेपालको संविधान लागू हुनुअघि पनि घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अधिकार सुनिश्चित गर्नघरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, घरेलु हिंसा कसुर र सजाय नियमावली, २०६७, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले पनि पीडितको हकअधिकार संरक्षण सम्बन्धी केही अधिकारहरू स्थापित गरेका थिए ।

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाका आमाबाबु, परिवार, संरक्षक समुदाय तथा तीन वटै तहको सरकारलाई बालअधिकार संरक्षण गर्ने दायित्व र जिम्मेवारी तोकेको छ । बालअधिकार उल्लंघनका घटना घटेमा प्रचलित कानून अनुसार सजाय र क्षतिपूर्तिको व्यवस्था गरिएको छ । सबै बालबालिकालाई उनीहरूको बाँच्नपाउने, संरक्षण पाउने, विकास लगायतको अधिकार उपभोग गर्न पाउने स्थिति सवल बनाउन सबै प्रकारका जोखिमबाट सुरक्षित राख्नु एवम् बालबालिका विरूद्धका कुनै पनि हिंसा, दुर्व्यवहार जस्ता कार्य हुननदिने वातावरण सृजना गर्नका लागि आमाबाबु, परिवार, संरक्षक समुदाय तथा तीन वटै तहको सरकार अगाडी आउनु पर्ने मुख्यजिम्मेवारी हो । र आफ्नो जिम्मेवारी व्यवहारीक र कानूनी रूपमा निर्वाह गरे नेपालमा बढ्दो गरेको महिला हिंसा देखि यौनजन्य हिंसाका घटना र आत्महत्या समेत न्युनिकरण हुने निश्चित छ ।

तर हाम्रा समाजका अभिभावक र बुवा आमाहरूले छोरीलाई नियन्त्रण र रेखदेखमा राख्ने परिपाटीलाई भुलेको छैन भने परम्परागत सोच पुरूष माथी जस्ताको त्यस्तै देखिन्छ । पुरूष जहाँ जहिले जतिवेला नि जान सक्ने तर महिला माथी बन्देज र महिलाको आत्मवल कमजोर गर्ने गरेको कारण यहाँ छोरी चेलीको अवस्था जस्ताको त्यस्तै छ । अर्कोतिर हाम्रो नेपाली समाजमा कानूनको वारेमा भनिने कुरा कानून अन्धा हुन्छ भने कुरा चरितार्थ पनि गरी दिएको छ कानून कार्यान्वयन गर्ने निकायले, कानून वनाउने निकायले ऐन, कानून र संहिताहरूमा छिद्र राखेर । यस्ता कुरा सच्याउनुपर्ने आवश्यक्ता हो, प्रहरीले सूचना पाउने रत्यसपछि मात्र कार्वाही गर्ने, नेपालीहरूले आफ्नो व्यक्तिगत जिवनमा घटना भए मात्र जाग्ने जस्ता कुरा घातक बनेको देखिन्छ यसलाई सुधार गरौं र सुधार गर्ने निकायलाई खबरदारी गरौं कानून कार्यान्वयन र क्रियाशिलतामा प्रभावकारी ढंगले लागौं, अपराधको सवालमा व्यक्ति, परिवार, समाज, नाता-सम्बन्ध भन्दा माथी उठौं आवाज देउ न्यायको लागि नेपालका छोरी-चेलीका लागि, आमा-दिदी बहिनिका लागि र अन्त गरौं यस्ता कुँडा कचडालाई फालौं नेपाली समाजबाट ।

मालपोत कार्यालयमा गोइत समूहद्वारा बम विस्फोट

सिरहा । सिरहाको लाहान नगरपालिकास्थित मालपोत कार्यालयमा तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहले प्रेसरकुकर बम विस्फोट गराएको छ ।

जनतान्त्रिकका अध्यक्ष जयकृष्ण गोइतले आइतबार एक विज्ञप्ति जारी गरी बम विस्फोटको जिम्मा लिएका छन् ।

आइतबार दिउँसो भएको सो विष्फोटमा परी सात जना घाइते भएका छन् ।

घाइतेमध्ये सेवाग्राही दिनेशकुमार भण्डारीको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सिराहाका डीएसपी शालिग्राम शर्माले जानकारी दिए । घाइतेहरूको लहानको सप्तऋषि अस्पतालमा उपचार भइरहेको उनले बताए ।

गोइतले भ्रष्टाचारीलाई कारवाहीस्वरूप बम विस्फोट गराएको विज्ञप्तिमा उल्लेख गरेका छन् । उनले विज्ञप्तिमा भनेका छन्, 'यसरी भ्रष्टाचार(अपराध) जारी नै रहे भन्ने यस भन्दा पनि उच्च स्तरको कार्वाही हुनेछ । यसबाट उत्पन्न हुने दुष्परिणामको जिम्मेवार भ्रष्टाचारी(अपराधी) नेपाल सरकार र प्रदेश सरकार नै हुने छ ।'

संक्षिप्त समाचार

स्कारपियोको ठक्करबाट पैदलयात्रीको मृत्यु

कैलाली । घोडाघोडी नगरपालिका-१० पहलमानपुरस्थित सडकमा बा.१४ च ७४२२ नम्बरको स्कारपिओको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१० पहलमानपुर बस्ने १६ वर्षीया पुर्णिमा चौधरीको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको घोडाघोडी अस्पताल सुखडमा सामान्य उपचार पश्चात थप उपचारको क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको छ । घाइते भएका अर्का पदैलयात्री सोही नगरपालिका-११ भलुवा बस्ने १५ वर्षीय गणेश रावलको सोही कलेजमा उपचार भइरहेको छ । स्कारपिओ चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

श्रोत नखुलेको रूपैयासहित एक जना पक्राउ

पर्सा । पर्सा जिल्लाको बिरगंज महानगरपालिका १६ शंकराचार्य गेट ईलाकाबाट एपीएफ टोलीले श्रोत नखुलेको १९ लाख ५१ हजार १ सय २० नेपाली रूपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको पूर्वी चम्पारण जिल्ला रक्सौल नगरपालिका २१ घर बताउने ३६ वर्षिय राजेशकुमार साह छन् । उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बिरगंजबाट खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ आउँदै गरेका निज साहलाई एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनले शरीरमा बाँधेर लुकाई छिपाई ल्याउँदै गरेको उल्लेखित रूपैयाँ फेला परेपछि पक्राउ गरिएको हो ।

विभिन्न हातहतियारसहित एक जना पक्राउ

बाँके । राप्ती सोनारी गाउँपालिका-५ जबरपुर बस्ने ६८ वर्षीय ऋषिराम थारूलाई दुईनाले १२ बोरको बन्दुक १ थान, भरूवा बन्दुक २ थान, १२ बोरको खोका ३८ वटा, काटेको गोली १२ वटा, बारूद १ केजी, फलामको नाल २ थान, चित्तलको सिङ ४ वटा र बदेलको दाँत १ वटा सहित प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बैजापुरबाट खटिएको प्रहरीले ऋषिरामको घर तलासी गर्दा उक्त हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो । साथै थप अनुसन्धानको क्रममा सोही कार्यालयबाट खटिएको प्रहरीले ऋषिरामका भाइ लाल बहादुर थारूको घर तलासी गर्दा १ थान कटुवा पेस्तोल, थ्रीनटथ्री राईफलको गोली २ थान, एसएलआर राईफलको गोली १ थान र भरूवा बन्दुकको खाली नाल १ थान फेला पारी बरामद गरेको छ । हाल फरार लाल बहादुरको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

कटुवा पेस्तोलसहित तीन जना पक्राउ

रूपन्देही । रूपन्देही जिल्लाको मर्चवारी गाँउपालिका ७ कंचनपुरस्थित सीमा ईलाकाबाट एपीएफ टोलीले एउटा कटुवा पेस्तोलसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही जिल्लाको समरी गाँउपालिका ७ बस्ने बेतकुईया बस्ने २४ वर्षिय सुरज हरिजन, २३ वर्षिय कोटौल हरिजन र २६ वर्षिय सजिल मुसलमान छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बोगडीबाट खटिएको एपीएफ टोलीले जाँच गर्दा उक्त पेस्तोल फेला परेपछि उनीहरूलाई पक्राउ गरिएको हो । एपीएफ टोलीले त्यसवेला उनीहरूको साथबाट चार सय ग्राम गाँजा समेत बरामद गरेको छ । पक्राउ परेकाहरूलाई बरामद कटुवा पेस्तोल र गाँजासहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

लागूऔषध स्पास्प्राटसहित दुई जना पक्राउ

कैलाली । जिल्लाको भजनी नगरपालिका ३ करेसावारीबाट एपीएफ टोलीले २० वटा स्पास्प्राट ट्याब्लेटसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही जिल्लाको टिकापुर नगरपालिका बस्ने २० वर्षिय अम्मर साउद र २० वर्षिय ईन्द्र रावल छन् ।

मोटरसाईकलमा सवार उनीहरूलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट कुसुमबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनीहरूको साथमा उक्त लागूऔषध फेला परेपछि पक्राउ गरिएको हो । पक्राउ परेका दुवै जनालाई बरामद लागूऔषध तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि ईप्रका भजनीमा बुझाईएको छ ।

एक बिघामा लगाएको अफिम खेती नष्ट

रौतहट । रौतहट प्रहरीले करिब एक बिघामा लगाएका अफिमको खेती नष्ट गरेको छ । जिल्लाको मौलापुर नगरपालिकामा एक बिगाहामा लगाइएको प्रतिबन्धित लागूऔषध अफिमको खेती शनिबार नष्ट गरेको हो । जिल्ला प्रहरी कार्यालय रौतहटलाई प्राप्त भएको गोप्य सूचनाको आधारमा रौतहट प्रहरी प्रमुख एसपी सिद्धीविक्रम शाहको कमाण्डमा गएको प्रहरी टोलीले जिल्लाको मौलापुर नगरपालिका वडा नं–७ स्थित सबैया पिपरीयाको विभिन्न स्थानमा लगाएको करिव एक विगहा क्षेत्रफलमा लगाइएको अफिमको बिरूवालाई नष्ट गरेको रौतहट प्रहरी प्रमुख शाहले बताएका छन् । कानूनी रूपले पूर्ण बन्देज रहेको अवैध लागुऔषध अफिमको खेतीको बारेमा जानकारी आएपछि प्रहरीले बिरूवाहरू नष्ट गरेको प्रहरी उपरिक्षक शाहले बताए । प्रहरीको आँखा छल्न मकैबारी को बीचमा लगाइएको सात हजार अफिमको बिरूवा सहित एक कट्ठा क्षेत्रफलमा लगाइएको गाँजा समेत नष्ट गरि थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

सजाय पाएका व्यक्ति पाँच वर्षपछि पक्राउ

वीरगञ्ज । बहुविवाहको मुद्दामा अदालतबाट एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना तोकिएका एकजनालाई प्रहरीले पाँच वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा करैयामाई गाउँपालिका वडा नम्बर ३ बस्ने दिनेश प्रसाद केशरी रहेका छन् । केशरीलाई बहुविवाह मुद्दामा जिल्ला अदालत कलैयाको २०७२ वैशाख ३ गतेको फैसलाले १ वर्ष कैद र १० हजार रूपैयाँ नगद जरिवाना ठहर गरेको थियो । फरार रहँदै आएका उनलाई प्रहरी चौकी गंजभवानीपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको बाराका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए । पक्राउ परेका केशरीलाई अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय वीरगञ्ज पर्सामा पठाइएको मिश्रले बताए ।

एकनाले भरूवा बन्दुक बरामद

कैलाली । गौरीगंगा नगरपालिका-७ महादेवाबाट एकनाले भरूवा बन्दुक १ थान र से.६ प ७४८६ नम्बरको मोटरसाइकलबाट हेलोजिन लाईट १ थान तथा बन्चरो १ थान बुधबार बिहान प्रहरीले बरामद गरेको छ । उक्त स्थानमा भरूवा बन्दुक बेवारीसे अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मसुरीयाबाट खटिएको प्रहरीले उक्त बन्दुक र मोटरसाइकल समेत फेला पारी बरामद गरेको हो ।

आगलागीबाट लाखौंको धनमाल जलेर नष्ट

रूपन्देही । गैडहवा गाउँपालिका-७ सालघारी बस्ने ईश्वर घर्ती मगर र लोक बहादुर घर्ती मगरको घरमा बिद्युत सर्ट भई आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ । मंगलबार राति आगलागी हुँदा २ वटा घर, अन्नपात, लत्ताकपडा, भाँडावर्तन र नगद ६० हजार रूपैयाँ समेत जलेर करिब ५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

महिला बगैंचामा मृत फेला

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-३ बिसम्भरपुर बस्ने २० वर्षीया कलावती केवट सोही ठाउँस्थित आँपको बगैंचामा बुधवार मृत अवस्थामा फेला परेकी छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

मृत अवस्थामा फेला

मोरङ । सुन्दरहरैचा नगरपालिका-१० गैरीगाउँ बस्ने २८ वर्षीय बेचन उराउ आफ्नै घरमा सुतिरहेको अवस्थामा गएराति मृत फेला छन् । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

लागूऔषधसहित दुई जना पक्राउ

रूपन्देही । रूपन्देही जिल्लाको रोहिणी गाउँपालिका २ स्थित अमुवाबाट एपीएफ टोलीले विभिन्न किसिमका लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही जिल्लाको तिलोत्तमा नगरपालिका १ बस्ने २० वर्षिय राजु बुढाथोकी र ३१ वर्षिय संजिव भट्टराई छन् । भारतबाट लु ६८ प ८ नम्बरको मोटरसाईकलमा नेपालतर्फ आउँदै गरेका उनीहरूलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट मजरकट्टिबाट खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनीहरूको साथमा नाईट्रोजेपाम ट्याब्लेट १५ वटा, वानरेक्स कफ ३ बोतल र स्पामर्ट ओकहार्ड क्याप्सुल २४ वटा फेला परेपछि पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई बरामद लागूऔषध तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि ईप्रका धकधईमा बुझाईएको छ ।

विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com

नेपालको राजनीतिमा एकात्मक शासन प्रणाली

प्रभात राय भट्ट

हामी नेपाली जनता छोटो समयमा धेरै परिवर्तनका खुड्किला पार गर्यौं २००७ साल देखि २०७२ सम्म राणा साशन, शाही शासन, बहुदल व्यवस्थाको प्रजातन्त्रको अवसान हुँदै हाल संघीय गणतन्त्रसम्मको परिवर्तन ल्याउन सफल भयौ तर शासकलाई कहिले पनि हामी परास्त गर्न सकेनौं जुनसुकै परिवर्तनमा शासक उही रही रह्यो जुन सत्ताको नाम हो एकल जातीय सत्ता प्रणाली ।
नेपाल एकीकरणकालदेखि हालसम्म सत्ताका मालिक खस क्षेत्री ब्राह्मण बाहेक अरू कुनै जात जाति समुदायका हुन सकेनन् देशका मालिक एवं उत्तराधिकारी उही हुन् । साता शासन प्रशासन, शक्ति सामर्थ्य, ऋद्धि सिद्धि प्रसिद्धि, मान समान सबका मालिक उही एकल जातीय शासक हुन् ।
सताभोगको निम्ति राष्ट्रिय राजनीति पार्टीहरूको संरचाअनुसार गैरखस ब्राह्मण समुदाय चिरकालसम्म सत्तामा पुग्ने दुस्साहस पनि गर्दैन । उदाहरणको लागि नेपाली कांग्रेस अध्यक्ष शेर बहादुर देउवा, एमालेको अध्यक्ष केपी ओली माओवादी केन्द्रको अध्यक्ष पुष्प कमल दाहाल हुन् । यिनीहरूको उत्तराधिकारीमा कुनै-कुनै गैरब्राह्मण छैन । एकल जातीय सत्ता, एकल जातीय धर्म, एकल जातीय संस्कृति, एकल जातीय भाषा भेषलाई २८% को हाराहारीमा रहेका समुदायले ७२ प्रतिशत जनतामाथि जबर्जस्ती लादेका छन् र यसलाई राष्ट्रियताको नाम दिएको छ ।
एमाले माओवादी कांग्रेस सबै विषालु सर्प हो आफ्नो जातीय संग्रक्षण एवम् विकास हेतु नेपाल एकीकरणदेखि नै एकल जातीय शासन पद्धतिको अवलम्बन गरी बाँकी समुदाय जातजातिको उन्नति विकास देख्न चाहेनन् । अझै मधेशीलाई त नेपाली हुनुबाट पनि वञ्चित गर्दै आएको इतिहास छन् । हाम्रा सामु त्यसैको संस्कार अहिले पनि देखिन पाइन्छन् कि मधेशीले अधिकारको कुरो गर्दैमा शासक वर्गले इन्डियन र विहारीको तक्मा भिराई हाल्छन् । विभेदपूर्ण राष्ट्र नीतिलाई संविधान संशोधन गरी सर्वहारा वर्गको अधिकार अविलम्ब सुनिश्चित गर्नुपर्ने तिर कुनै पनि पार्टीको नीति सिद्धान्त छैन बरू अनन्तकालसम्म यो विभेदपूर्ण शासकीय प्रणालीको टिकाउको निम्ति खस शासकहरूले विभिन्न हथकन्डा अपनाई रहेका छन् ।
नेपालको राष्ट्रिय पार्टी भनाउँदाको मुख्य लक्ष्य जातीय संरक्षण हेतु सत्तामा आफू मात्र टिकी राख्न अरूलाई विभिन्न षड्यन्त्र रची निषेध गरी राख्ने वंशाणुगत गुण एवम् नीति हो । राष्ट्रिय राजनीतिमा छेपारो प्रवृत्तिका नेताहरूको कमी छैन जो मौसमी रंग फेर्न खप्पिस छन्, उही राजनेता कहलाउँछन् । नेपालका सीधा सोझा जनता पनि हावादारी र अति रोमाञ्चकारी गप्पलाई कर्णप्रिय ठान्दछन् । नेताले पनि मिठा-मिठा सपना बाँड्छन्, पीडित शोषित एवम राज्यद्धारा उपेक्षित जातजाति समुदायलाई आफू नै तारणहार हो, म नै तिमीहरूको पालानहार हो भने अनुभूति गराउँछन् ।
जनताहरू जय-जयकार मनाउँछन् । शोषित पीडित तप्काका जनताहरू त सुनौला सपना बोकी झन् उफ्री-उफ्री नाच्न थाल्छन् । वर्षौंदेखिको उत्पीडनबाट मुक्तिको आगमनलाई स्वागत गर्नका निम्ति आतुर हुन्छन् तर, त्यो घोषणा र उद्घोषको धरातल नै झुठो प्रतिविम्बमा निर्माण गरिएको हुन्छ । केवल आ-आफ्नो सत्ता शासन सुख सुविधा टिकाउनका लागि बेचारा सीधा-सोझा जनतालाई के थाहा । तर त्यो सेतो झुठको आयु धेरै लामो हुँदैन र केही समय पश्चात जनता सामु छर्लङ्ग भइहाल्छन् अनि टुट्छ जनताको विश्वास, टुट्छन् सुनौला सपनाहरू, टुट्छ मुक्तिको कामना अनि जनताहरू निरीह हुन्छ, फेरि जनताहरू अरू नै कुनै विकल्पको खोजीमा हुन्छन् । र जब जनताको रूझान जनताका लागि लड्ने पार्टी, मुक्तिकामी पार्टी, समानता समावेशीको मूल सिद्धान्तबाट जन्मिएको पार्टीतिर जान थाल्छन् अनि फेरि एकल जातीय सत्ताका शोषक शासकहरूको अगाडी केही विकल्प रहँदैन अनि अन्तिम क्षेप्यास्त्रको रूपमा खोक्रो राष्ट्रवादका नारा घन्काउने भरौटेहरूको जमातलाई अगाडि बढाउँछन् र सीधा-सोझा निमुखा जनताहरू पुनः खोक्रो राष्ट्रवादको नाममा भ्रमित भइरहेका हुन्छन् ।
खोक्रो राष्ट्रवाद र राष्ट्रियताबीचको फरक
राष्ट्रियता भनेको राष्ट्रको माटोसँग जसको प्रगाढ प्रेम हुन्छ, जसले राष्ट्रको विभिन्न भाषाभेष सबै तप्काका जातजाति र समुदाय एवम् धर्म संस्कृति साथै देशको माटोको संरक्षण गर्छ र कुनै प्रकारको छुवाछुत, लिंगभेद, रंगभेद नराखी सबैलाई सामन्तको व्यवहार गर्दछ, त्यों नै राष्ट्रवादी हो । तर कथित राष्ट्रवादी भनाउँदो सामन्तवादीहरू विभेदपूर्ण एकात्मक शासन प्रणालीलाई शोषण गर्ने उद्देश्यले जनतामा लागू गर्ने र गराउने प्रक्रियालाई नै राष्ट्रवाद भन्ने ठान्दछन् ।
जसले यी सामन्तीहरूको अन्त्य गर्न खोज्दछन् र विरूद्धमा आवाज उठाउँदछन् तिनीहरूलाई देशद्रोह र राष्ट्रघातको संज्ञा दिई दबाउने काम गरिन्छ । तर आज संसारभरि आर्थिक र स्वतन्त्रताको क्रान्तिमा जनताहरू तीव्रगतिले बाटोमा उर्लिएको छ । ढिलो चाडो चरणबद्ध तरिकाले विश्वभरिका सामन्तीहरूको अन्त्य सुनिश्चित छ । क्रुर सामन्ती शाषक र हिंसक प्राणी बाघको तुलनात्मक अन्त्येष्टी एउटै प्रकारको हुन्छ बाघ जब बुढो हुन्छ शिकार गर्न असक्षम हुन्छ जसले गर्दा आलो रगत् र मासुको चोक्टा खान पाउँदैन र उसको शक्तिमा ह्रास हुँदै जान्छ तब बाघमाथि साना मसिना जीवजन्तुहरू आक्रमण गर्छ, बाघलाई आहार बनाउँछन् र बाघ निरीह भएर हेर्नु बाहेक केहि गर्न सक्दैन अन्ततः बाघको अन्त्य हुन्छ । ठिक यसै प्रकार सामन्ती शाषकको अन्त्य पनि यस्तै हुन्छ जब जनतामा चेतनाको विकास हुन्छ तब जनताद्वारा युगान्तकारी संग्राम हुन्छ र जनताको विजय हुन्छ । देश सत्ता शाशन जनताको हातमा आउँछ र सामन्तीहरू जनतालाई दमन शोषण गर्न पाउँदैन तब क्रुर शाषकहरू बुढो बाघ जस्तै निष्क्रिय र निरीह हुन्छ । अनि राष्ट्रद्वारा शोषित उपेक्षित हरेक समुदायहरू हरेक वर्ग लिंगका नागरिकहरू आफ्नो अधिकार सुनिश्चितको आवाज उठाउँदै देशको प्रत्येक निकायमा समावेशीकरण हुँदै जान्छ र सामन्तवादहरूका उतराधिकारीहरूको अस्तित्वमा ह्रास हुँदै जान्छ र निरीह भएर हेर्ने बाहेक अरू केहि गर्न सक्दैन । अन्ततः सामन्तीको अवसान माथि सर्वहारावर्गको विजय हुन्छ । आजको परिप्रेक्ष्यमा केही यस्तै हालत छ सामन्तवादका उत्तराधिकारीहरूको जसले आफ्नो अवसान निश्चित हुने भय, डर र त्रासले त्रसित भई खोक्रो राष्ट्रवादका नारा लगाएर आम जनताहरूलाई झुक्याउन र पुनः आफ्नो कायापलट गर्ने दाउपेचमा लागिपरेका छन् ।
सत्ता समर्पण, मुद्दा विसर्जन
सत्ता मोहको अधिनस्त नेताहरू मात्र नभई सिङ्गै पार्टी नै मुद्दा विसर्जन सत्ता समर्पणको खेलमा संलग्न देखिएको छ । यो खेलमा मुक्तिकामी पार्टीहरू एक नम्बरका खेलाडी छन् । कुरा गरौं माओवादी पार्टीको १७००० हजार निर्दोष जनताको बली चढाएर सत्तामा सिधा-सोझा जनताको लासमाथि सिँढी चढेर सत्तासम्म पुग्न सफल भयो र विभिन्न कालखण्डमा दोहोरो चरित्रको अभिव्यक्ति दिई जनतालाई भ्रमित गर्नु बाहेक अरू केही गर्न सकेनन् र सत्तालिप्सामैं तल्लीन भइरहे । यी मुक्तिका सपना बाँड्नेहरूसँग मधेशी मात्र हैन आदिवासी जनजातिहरू पनि आजित भएर उपेन्द्र यादवको अध्यक्षतामा संघीय समाजवादी फोरम नेपाल पार्टीको निर्माण गरे उता मधेशवादी गुटहरू मधेश मुद्दा सम्बोधनकै निम्ति ६ दल मिलेर राजपा दलको निर्माण गरे अनि २ नम्बर प्रदेशको स्थानीय चुनाव तेस्रोमा अपेक्षित मत ल्यानमा सफल भए । अनि सदा सर्वदा मधेश विरूद्ध उभिएका केपी ओलीको भ्रम टुट्न थाल्यो मुक्तिकामी जनताहरूको जीत देखेर खस शासकहरू भयभीत हुन् थाल्यो । त्यसैको परिणाम हो यी बामपन्थीहरूको मिलन । एकात्मक सर्वसत्तावादीहरू सधैं एक अर्कालाई दुश्मन सम्झिने केपी ओली, प्रचण्ड र बाबुराम भट्टराई आ-आफ्नो पार्टीको नीति सिद्धान्तलाई तिलाञ्जली दिँदै एक आपसमा आलिंगणबद्ध भएका छन् । सम्पूर्ण मुक्तिकामी आदिवासी जनजाति मधेशी दलित मुस्लिम एवं पिछडावर्गहरूलाई ज्ञातव्य गराउन चाहन्छु यो बाम एकताको मूल मर्म उद्देश्य एक मात्र एकात्मक सत्ता शासन माथि कब्जा गरी राख्ने अनि बाँकीको जातजाति समुदायलाई दीर्घकालसम्म दास बनाई राख्ने हो । तसर्थ यो कुरालाई ख्याल राखी मंसिर १० र २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा वामपन्थीहरूलाई पूर्ण बहिष्कार गरी मुक्तिकामी पार्टी संघीय समाजवादी फोरम नेपाल एवम् राजापालाई नै आ-आफ्नो ठाँउबाट अत्यधिक मत दिई विजय गराउनु तपाईं हामीको परम जिम्मेवारी हो ।

सावधान रहन ओमकार परिवारलाई हिन्दू परिषद्का अध्यक्ष पटेलको आग्रह

काठमाडौं । हिन्दू परिषद नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलले देशलाई जबर्जस्ती धर्मनिरपेक्ष बनाई सनातन धर्म र संस्कृति माथि विश्वास घटाउने कार्य भएकोले दुश्कर्महरू अझ बढेर गएको बताएका छन् । संघीय राजधानीमा संचारकर्मीहरूसँग कुराकानी गर्दै पटेल भने सनातनदेखि मान्दै आएको धर्मलाई विभिन्न बहाना र अनेकौं स्वर्थका खातिर बेइमानहरूले कमजोर बनाउँदै लगिएको बताए । उनले भने परम्परा देखि चल्दै आएको सनातन धर्मलाई कायम राख्न सकेमात्र देश समृद्ध एवं जनजीवन सहज ढंगले अगाडि बढ्ने ठोकुवा पनि गरे ।
एक फरक प्रसंगमा पटेलले भने धर्म र संस्कृतिलाई हृदयदेखि अनुशरण गर्न महिलाहरू नै अग्रपङ्तिमा रहेकाले यसलाई व्यापकता दिलाउन पनि महिलाकै भूमिका उपयुक्त हुने उनको भनाइ थियो । हिन्दू परिषद नेपालले हिन्दू राष्ट्र नेपाल कायम गर भन्ने मूल नाराको साथ जनजागरण कार्यक्रम मार्फत नेपाली समाजलाई जोड्ने कार्य गर्दै आएको पटेलले बताए ।
पटेलले भने हामी माथि जबरजस्ती धर्म निरपेक्ष लादियो, हिम्मत छ भने जनमत संग्रह गराउ आफै सब भरम किलिएर हुन्छ । पैसा खाएर आफ्नो धर्म बेच्ने नेतालाई मुलुकको माया हुँदैन । केहि राजनीतिक दलले हिन्दू समाज लाई कमजोर गर्न पहाड़ी र मधेशीको झगड़ा लगाए,जात पातको झगड़ा लगाए,लनय को आड़मा धर्म परिवर्तन गराउने चलखेल गर्नु,गौ हत्या र तस्करी लाई प्रोत्साहित गर्नु जस्ता कार्य भई रहेको पटेलले भने।सम्पूर्ण नेपाली लाई एक सूत्रमा बाधने सेतु हो हिन्दू राष्ट्र नेपाल।बहुरूपिया र बिदेशी दलाल बाट सावधान रहन सम्पूर्ण ओमकार परिवार लाई सजक रहन पटेलले अनुरोध गरेका छन् ।

ठाकुरराम क्याम्पसका विद्यार्थी आमरण अनशनमा

वीरगन्ज । वीरगन्जको ठाकुरराम क्याम्पसको बीबीए संकायको चौंथो सेमेष्टरमा अध्ययनरत विद्यार्थी सचिन पटेल क्यापसमै आमरण अनशनमा बसेका छन् । बीबीए संकायको भवन निर्माणको माग गर्दै पटेलले क्याम्पसको सभाहल अगाडि पटेल आमरण अनशनमा बसेका हुन् ।

आफूहरूलाई क्याम्पस प्रमुखले झुक्काएर भर्ना लिएको तर अध्ययन गर्ने बीबीए संकायको भवन नभएका कारण पठन पाठन नै प्रभावित भएकाले बाध्य भएर आमरण अनशन नै शुरू गर्नु परेको आमरण अनशनमा बसेका पटेलले बताए ।
आफूहरूलाई जीर्ण अवस्थाको भवनमा राखेर पढाइएका कारण आफू आमरण अनशनमा बस्न बाध्य भएको उनले बताए । क्याम्पस परिसरमा साढे ६ वर्षदेखि निर्माणाधीन बीबीए संकायको भवन अधुरो र अलपत्र अवस्थामा छ । गत फागुन ७ गते पनि बीबीए संकायमा अध्ययनरत सचिन सहितका विद्यार्थीले भवन निर्माण कार्य छिट्टै सक्न माग गर्दै क्याम्पस परिसरमा धर्ना दिएका थिए ।
बीबीए संकायको पहिलो वर्षमा विद्यार्थी भर्ना हुँदाका बखत क्याम्पस प्रशासनले १ वर्षभित्रै भवन निर्माण कार्य सक्ने र नयाँ भवनमा पठन पाठन गराउने आवश्वासन दिएको थियो । तर आश्वासन पाएको ३ वर्ष बितिसक्दा पनि भवन अधुरै रहेको भन्दै विद्यार्थीले फागुन ७ गते क्याम्पस परिसरमै धर्ना दिँदै प्रदर्शन गरेका थिए ।
क्याम्पस प्रमुख सुरेश कुशवाहाले भने विद्यार्थीको माग संबोधनमा आफूहरू लागिरहेको बताए । ठेकेदार कम्पनीले समयमा भवन नबनाइदिएका कारण पनि समस्या भएको उनको भनाइ छ ।
ठाकुरराम बहुमुखी क्याम्पसमा साढे ६ वर्ष पहिले त्रिभुवन बिश्वबिद्यालयले उपलब्ध गराएको १ करोड ४० लाखको लागतमा बीबीए संकायको भवन निर्माणाधिन छ । तर भवन निर्माणको ठेक्का सकारेको निर्माण कम्पनीले भवन अपुरै छाडेका कारण अलपत्र छ ।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह

नगरप्रमुख

जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल

नगरप्रमुख

मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

विश्व परिवेश

चीनविरूद्ध अमेरिकी सेनाको तयारी

काठमाडौं । एटलान्टिड काउन्सिल अमेरिकी थिङ्क ट्याङ्क अर्थात् नीति संस्थानले जनवरी २८ मा नयाँ अमेरिकी चीन रणनीति सार्वजनिक गरेको थियो । 'द लङ्गर टेलिग्राम' नाम दिइएको रणनीतिक कागज पत्र ८५ पृष्ठ लामो छ । अज्ञात लेखक रहेको यो रणनीतिक पत्रका लेखक कुनै अमेरिकी पूर्व वरिष्ठ सरकारी अधिकारी हुनसक्ने अनुमान गरिएको छ तर, प्रस्ट छैन ।

उक्त रणनीतिक पत्रमा लेखिएको छ, 'एक्काइसौँ शताब्दीमा संयुक्त राज्य अमेरिका र प्रजातान्त्रिक संसारले सामना गरिरहेको सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको सी चिनफिङको नेतृत्वमा बढ्दो निरङ्कुश र आक्रामक चीनको उदय हो ।' 'चीनसँग लामो समयदेखि अमेरिकाको सामना गर्ने एकीकृत परिचालन रणनीति रहेको छ, संयुक्त राज्य अमेरिकासँग अहिलेसम्म त्यस्तो रणनीति छैन, यो एक राष्ट्रिय जिम्मेवारीको विलम्ब हो ।' 'अमेरिकी रणनीति र नीति सी र उनको घेराभित्र रहेको गल्तीमा केन्द्रित छ, र त्यसलाई सुधार गर्नु अमेरिकी रणनीतिको उद्देश्य हो ।' 'सीको नेतृत्व र कल्पना भन्दा अधिक महत्वकांक्ष को बारेमा कम्युनिस्ट पार्टी अभिजात वर्ग धेरै विभाजित छन् ।'

'अमेरिकी रणनीतिको प्रमुख लक्ष्य भनेको, अन्तर्राष्ट्रिय अमेरिकी उदारवादी नीतिलाई टक्कर दिन प्रतिद्वन्द्वी निर्देशन बनाएर अघि बढ्नुको सट्टा चीनले अमेरिकाकै नीति भित्र खेल्न खोजको हो ? भनेर निश्चित पार्नु हो,' उक्त रणनीतिक कागजमा उल्लेख छ ।

जो बाइडेन प्रशासनले यी नीतिहरूलाई पूर्ण रूपमा अँगाल्छ या अँगाल्दैन भन्ने कुरा भोलिका दिनमा थाहा हुनेछ । यद्यपि, अघि सारिएका रणनीतिहरू निकै नै गम्भीर छन् ।

रणनीतिमा उल्लेखित एम प्रमुख कुरा 'रेड लाइन' अर्थात् रातो रेखाको शृङ्खला रहेको छ । रेड लाइन नाम दिइएको ती सीमा चीनले पार गऱ्यो भने अमेरिकाले सोझै सैन्य जवाफ दिनेछ ।

चीन विरोधी चार राष्ट्र एक ठाउँमा

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार अस्ट्रेलिया, भारत र जापानका प्रधानमन्त्रीहरूसँग पहिलो पटक संयुक्त वार्ता गर्न लागेका छन् । यो गठबन्धनलाई सामरिक दृष्टिबाट चीन विरोधीका रूपमा लिने गरिन्छ ।

भर्चुअल विधिबाट हुन लागेको यो बैठकलाई राष्ट्रपति बाइडेनले पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले छिन्नभिन्न बनाउन खोजेको अमेरिकी गठबन्धनलाई पुनर्जीवित तुल्याउन खोजेको रूपमा लिइएको छ ।

ह्वाइट हाउसकी प्रेस सचिव जेन साकीले मंगलबार पत्रकारहरूसँग कुरा गर्दै हिन्द-प्रशान्त (इन्डो-प्यासिफिक) क्षेत्रका गठबन्धन एवं साझेदार मुलुकसँगको निकट सहयोगलाई अमेरिकाले निकै महत्व दिएको सन्दर्भमा राष्ट्रपति बाइडेनले यो भर्चुअल बैठक गर्न लागेको बताए ।

चीनसँगको बढ्दो तनावकै बीच क्वीडका नामले चिनिने इन्डो-प्यासिफिकका प्रमुख मुलुकहरूबीच व्यापार र सुरक्षालाई ध्यानमा राखेर छलफल हुनेछ ।

अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मरिसनले बाइडेनले गठबन्धनको क्षमतालाई अर्को स्तरमा माथि लैजान खोजेको विश्वास व्यक्त गरे ।

प्रेस सचिव साकी र भारत दुबैले भर्चुअल बैठकका अवसरमा जलवायु परिवर्तन र कोभिड-१९ महामारीका विषयमा पनि छलफल हुने बताएका छन् । यी दुबै क्षेत्र बाइडेनका लागि प्रमुख प्राथमिकताका क्षेत्र हुन् । प्रेस सचिव साकीले यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बैठकमा भाग लिने घोषणा गरेका थिए ।

जापानी प्रधानमन्त्री योशिहिदे सुगा समेत सहभागी हुनुहुने यस बैठकमा सामुद्रिक सुरक्षा प्रवर्द्धनका विषयमा पनि कुराकानी हुनेछ । भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा एसियाली मुलुकमा कोभिड-१९ विरूद्ध लड्न सुरक्षित, समतामूलक र कम खर्चिलो खोपलाई सुनिश्चित गर्ने बारेमा पनि छलफल हुने उल्लेख गरिएको छ ।

भारतमा करिब तीन करोडले कोरोना विरूद्ध खोप लगाए

काठमाडौं । भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरूद्धको खोप कार्यक्रम शुरू भएको थियो । सो समयदेखि हालसम्म देशभरी करिब तीन करोड व्यक्तिले खोप लगाइसकेका छन् । भारतमा गत २४ घण्टामा २६ हजार २९१ जनामा कोभिड-१९ को सङ्क्रमण देखिएपछि कुल कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १३ लाख ८५ हजारभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोभिड-१९ सङ्क्रमणको कारण ११८ जनाको मृत्यु भएपछि कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५८ हजार ७२५ जना पुगेको छ । हाल भारतमा दुई लाख १९ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । केही दिनयता भारतमा सक्रिय सङ्क्रमितको संख्या बढेको पाइएको छ । यसैबीच कोभिड-९९ को सङ्क्रमण शुरू भएयता भारतमा हालसम्म एक करोड १० लाख ७ हजारभन्दा बढी कोरोना भाइरस मुक्त भएका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर २२ करोड ७४ लाख सात हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । हिजो आइतबार एकै दिनमा सात लाख ३ हजार ७७२ जनाको कोभिड-१९ परिक्षण भएको पनि समाचारमा जनाइएको छ ।

परम्परागत औषधिमा सहयोग पुऱ्याउन भारतद्वारा ताइवानलाई आर्थिक सहयोग

ताइपेई । भारतले परम्परागत चिकित्सा क्षेत्रमा सहयोग पुऱ्याउन शुक्रवार ताइवानको नेशनल रिसर्च इन्स्टिच्युट चिनियाँ मेडिसिन (एनआरआईसीएम) लाई शुक्रवार १.५ मिलियन डलर सहयोग गरेको छ ।

एनएनआईआईसीएम स्वास्थ्य तथा कल्याण मन्त्रालयको अधीनमा रहँदा भारत सरकारले पहिलो पटक ताइवानको सरकारी संस्थालाई अनुदान दिएको सीएनएले जनाएको छ ।

प्रतिवेदन अनुसार दक्षिण एसियाली देशको ताइवानको प्रतिनिधि कार्यालयले दुवै पक्षका परम्परागत चिकित्सा क्षेत्रहरूबिचको आदानप्रदानमा काम गरिरहेको जनाएको छ । ताइवानको नयाँ साउथ बाउन्ड नीति अवलम्बन गर्ने १८ वटा मुलुकमध्येको एक भारत पनि हो । न्यु साउथ बाउन्ड नीतिलाई सन् २०१६ मा अघि सारिएको थियो ।

भारतले ताइवानमा चिनियाँ चिकित्सा समुदायसँग परम्परागत भारतीय औषधि र प्रबन्ध आदानप्रदानको बारेमा डेटा प्रदान गर्ने स्थायी आयुष सूचना सेल स्थापना गरिसकेको छ ।

आयुष मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठन दक्षिण पूर्व क्षेत्रीय कार्यालय (डब्ल्यूएचओ सेरो) ले भर्खर नयाँ दिल्लीमा डब्ल्यूएचओको क्षेत्रीय परम्परागत चिकित्सा कार्यक्रममा आयुष विशेषज्ञको दोस्रो वा प्रतिनिधियुक्तको लागि एक्सचेन्ज (एलओई) मा हस्ताक्षर गरेका थिए ।

प्रदेश २ सरकारको महत्वाकांक्षी योजना

जनकपुरधाम । प्रदेश २ सरकारले राप्ती दुधौरा डाईभर्सन बहुउद्देश्यीय योजनाको प्रारम्भिक अध्ययन सुरू गरेको छ । खानेपानी, सिँचाई र उर्जा उत्पादनसमेत हुने गरी प्रदेश २ सरकारले राप्ती दुधौरा डाईभर्सन योजना अघि सारेको हो ।

प्रदेशमा सिँचाइका लागि पनि प्रत्येक वर्ष समस्या बढ्दैछ । सोही तथ्यलाई मध्यनजर गरेर प्रदेश सरकारले आर्थिक वर्ष २०७७-०७८ को नीति तथा कार्यक्रममा राप्ती दुधौरा डाईभर्सनलाई संघीय सरकारसँग समन्वय गरी निर्माण कार्यलाई अघि बढाउन जोड दिने घोषणा गरेको थियो । बागमती प्रदेशको राप्ती खोलामा ड्याम बनाएर प्रदेश २ को दुधौरा खोलामा पानी ल्याउने प्रदेश सरकारको सपना छ ।

सोही बहुउद्देश्यीय महत्वाकांक्षी योजना कार्यान्वयनका लागि सम्भाव्यता अध्ययनको प्रक्रिया अघि बढाइएको भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले जानकारी दिए । मन्त्री सोनल, प्रदेशसभा सदस्य, मन्त्रालयका प्रतिनिधि र विज्ञसहितको टोलीले राप्ती-दुधौरा डाइभर्सनको सम्भाव्यता अध्ययन गर्न अमलेखगञ्जमा सरोकारवालासँग छलफल गरेका छन् ।

सम्भाव्यता अध्ययनका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । बारा र पर्साको उत्तरी क्षेत्रमा देखिएको खानेपानी अभाव, सिँचाई समस्या समाधान गर्दै जलविद्युतसमेत उत्पादन गर्ने उद्देश्यले राप्ती-दुधौरा डाइभर्सनले परिकल्पना गरिएको हो ।

राप्ती-दुधौरा डाइभर्सन योजना सफल भएको खण्डमा बारा तथा पर्सामा विद्यमान खानेपानी र सिँचाईको समस्या समाधानका लागि पर्याप्त पानी आउने अधिकारीहरूको दाबी छ ।

श्रम ऐन, २०७४ को पालना गरौं,

श्रमिक, आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

६५ देशमा दियो कोरोनाको खोप

काठमाडौं । भारतले कोरोना भाइरसको महामारीको मारमा परेका ६५ देशमा कोरोनाविरूद्धको खोप दिएको छ । भारत धेरै देशमा खोप दिने देश पनि परेको छ । भारतले केही देशलाई खोप निःशुल्क दिएको छ भने धेरै जसो देशलाई बेचेको छ । नेपाललाई शुरूआती चरणमा निःशुल्क दिए पनि पछि भने बेचेको छ । नेपालजस्तै श्रीलंका, भुटान, माल्दिभ्स, बंगलादेश, म्यानमार र सशेल्सलाई गरी भारतले ५६ लाख डोज भ्याक्सिन निःशुल्क दिएको हो ।

भारतले पछिल्लो समय अर्को छिमेकी पाकिस्तानलाई १ करोड ६ लाख डोज खोप दिने भएको छ । भारतको सिरम इन्स्टिच्युट अफ इन्डिया (एसआईआई) कोभिशिल्ड र भारत बायोटेक को-भ्याक्सिन उत्पादन भइरहेको छ ।

भरतनाट्यम नृत्य प्रस्तुति

काठमाडौं । नेपालस्थित भारतीय दूतावास अन्तर्गत रहेको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले महाविरात्रीको अवसरमा पशुपतिनाथ मन्दिर परिसरमा भरतनाट्यम नृत्यको प्रस्तुति आयोजना गरेको छ ।

प्रख्यात नेपाली कलाकार सुलोचना गोपाली र सोजान रघुवंशीले उनका समूहका साथै भारतका प्रख्यात भरतनाट्यम नृत्य अन्तर्गत शिव ताण्डव, नाटेश कौथुभम आदि प्रस्तुत गरिएको हो । यस सांस्कृतिक प्रस्तुतिले दुई देशबीच रहेको सामाजिक-सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास दूतावासले लिएको छ ।

जिल्ला समाचार

प्रदेश प्रमुखद्वारा विद्यालयको निरीक्षण

जनकपुरधाम । प्रदेश २ का प्रमुख डा. राजेश अहिराज धनुषा जिल्लाको एक विद्यालयमा भ्रमण निरीक्षण गरेका छन् । उनले कक्षा एकका विद्यार्थीहरूलाई पढाएका समेत छन् । उनी विद्यार्थीलाई पढाउन पुगेपछि विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरू आश्चर्यचकित भएका थिए । देशकै पुरनो विद्यालय मध्येका जनकपुरधामको ऐतिहासिक श्री सरस्वती माध्यमिक विद्यालयका कक्षा १ का बच्चाहरूलाई प्रदेश प्रमुख झ्क्राले आधा घण्टा पढाएका हुन । जनकपुरधाम उपमहानगरपालिकाको वडा ९ मा सरस्वती माध्यमिक विद्यालय रहेको छ । यो देशकै पुरानो विद्यालय मानिन्छ । शुक्रवार दिउँसा अचानक विद्यालय पुगेका प्रदेश प्रमुख डा. अहिराज आफू कक्षा १ का बच्चाहरूसँग केहि समय बिताउन चाहने इच्छा जाहेर गरेको विद्यालयका प्रधानाध्यापक सत्यनारायण मण्डलले बताए । साना साना विद्यार्थीहरूसँग रमाइलो गफ गर्दै प्रदेश २ प्रमुख अहिराजले विद्यालयको शैक्षिक, भौतिक अवस्थाका बारेमा पनि जानकारी लिए । भौतिक रूपमा विद्यालय जर्जर बनेको छ भने शैक्षिक स्तर पनि खस्केको छ । देशका प्रथम राष्ट्रपती डा. रामवरण यादव, वर्तमान उपप्रधानमन्त्री ईश्वर पोखरेल, कांग्रेस उपसभापति विमलेन्द्र निधि, नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर सत्येन्द्र प्यारा श्रेष्ठ, काठमाडौं विश्वविद्यालयका उपकुलपति सुरेशराज शर्मा जस्ता दर्जनौं हस्तीहरू विद्यालयलृ उत्पादन गरेको छ । २००४ सालमा स्थापना भएको विद्यालयमा हाल ८ सय ५० जना विद्यार्थी कक्षा १२ सम्म पढदै आइरहेका छन् । २०७२ सालको विनाशकारी महाभूकम्प पछि विद्यालयको मुख्य भवन प्रयोगविहीन भएपनि पुर्ननिर्माण हुन सकेको छैन । ३ विघ्घा १९ कट्ठा क्षेत्रफलमा रहेको विद्यालयमा २०७०/०७१ तथा ०७३/०७४ मा नयाँ भवन बनाइए पनि पुरानो ऐतिहासिक भवन बिनाश हुने अवस्थामा पुगेको छ । प्रदेश सरकारले विद्यालयका लागि के गरिरहेको समेत बुझ्ने प्रयास प्रदेश प्रमुख अहिराजले गरे ।

अर्बौंको औद्योगिक लगानी जोखिममा

वीरगन्ज । वीरगन्जका उद्योगीहरूले निर्माणाधीन ६ लेनको व्यापारिक मार्गको नालामा उद्योगको पानी बग्न नदिने उर्दीका कारण अर्बौंको औद्योगिक लगानी जोखिममा परेको गुनासो गरेका छन् । वीरगन्ज उद्योग वाणिज्य संघको ४५ औं साधारणसभाको उद्घाटन सत्रमा उद्योगीहरूले यस्तो गुनासो गरेका हुन् । वीरगन्ज पथलैया औद्योगिक कोरीडोरमा निर्माणाधीन व्यपारिक मार्गको नालामा सडक विभागले उद्योगबाट निस्कने पानी फाल्न नदिन उर्दी नै जारी गरेको उद्योगीहरूले बताए । निर्माणाधीन ६ लेनको व्यापरिक मार्गको नालामा उद्योगको पानी फाल्न नदिइए औद्योगिक कोरिडरमा रहेका उद्योग कलकारखाना सन्चलनमा निकै ठूलो समस्या आएको बताए । पथलैयादेखि परवानीपुर सम्मको सडक विस्तार गरि ६ लेनको र परवानीपुरदेखि गण्डक चोक सम्मको सडक चार लेनको बनाउने काम चलिरहेको छ । ती दुवै सडक विस्तारका क्रममा अहिले निर्माण गरिएको नालामा उद्योगबाट निस्कने पानी फाल्न नपाइने सडक विभागले उर्दी जारी गरेका कारण यसले अर्बौंको औद्योगिक लगानी डुब्ने खतरा रहेको उद्योगीहरूको तर्क छ । वीरगन्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ओम प्रकाश शर्माले भने, '६ लेन सडकको नालामा उद्योगको पानी फाइलन नपाइने सडक विभागले उर्दी नै जारी गरेको छ, न कुनै डम्पिङ साइट छ, न वेष्टेज फाल्ने कुनै विकल्प दिएको छ, यदि यस्तै गर्ने हो भने यहाका प्राय सबै उद्योग बन्द हुने अवस्थामा पुग्ने निश्चित छ ।'

पुनः वी पी शालिक निर्माण हुने

रौतहट । नेपाली कांग्रेस (वी पी) को चैत्र २ गतेबाट सुरू भएको केन्द्रीय समितिको बैठकमा केन्द्रीय सदस्यहरूले धारणा राख्दै सकिएको छ । पार्टी सभापति हरिबोल भट्टराई उपचाररत रहेकोले पार्टीका जेष्ठ सदस्य भुवनेश्वर जोशीको अध्यक्षतामा सुरू भएको पार्टीको केन्द्रिय समिति, जिल्ला सभापति र भातृ तथा सुभेक्षुक संघका अध्यक्षहरूको बैठकले सभापित हरिबोल भट्टराई फागुन १९ गते बेलुकादेखि अस्वस्थ भई नर्भिक अस्पतालमा रहेकोमा सभापितको शिघ्र स्वास्थ्य लाभको कामना, सभापितको उपचारमा नेपाल सरकारले सहयोग गरेको प्रति सम्माननीय प्रधानमन्त्री एवं नेपाल सरकारलाई पार्टीको तर्फबाट हार्दिक धन्यवाद व्यक्त, पार्टीका केन्द्रिय सदस्य श्री अशोक खड्का ज्यू, को ममतामयी माता स्वर्गीय रामकुमारी खड्का को ६२ वर्षको उमेरमा भएको निधन, नेविसंघको पहिलो अधिवेशनबाट निर्वाचित केन्द्रिय सदस्य स्वर्गीय लक्ष्मण सिंह थापा र वी पी वादी नेता वजिर थापाको निधनमा दुःख व्यक्त गर्दै मृत आत्माको चिरशान्तिको कामना सहित परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ । रौतहटको वी पी चोकमा रहेको वी पी कोइरालाको शालिक २०६४ मा भएको मधेश क्रान्तिको क्रममा तोडफोड भएको र उक्त स्थानमा पार्टीले पूनः शालिक निर्माणका लागि रौतहट जिल्ला सभापति अशोककुमार यादव, केन्द्रिय सदस्यहरू लक्ष्मी गिरि, हरिनारायण तवदार सहित सदस्यीय शालिक निर्माण समिति गठन गरेको छ ।

ब्राउनसुगरसहित दुई जना पक्राउ

मोरङ । सुन्दरहरैचा नगरपालिका-४ बलिया चोकबाट करिब २ ग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी ईटहरी उपमहानरपालिका-५ बस्ने ४१ वर्षीय पदम बहादुर तामाङ र सोही ठाउँस्थित कलाबञ्जर बराहक्षेत्र गाउँपालिका-५ बस्ने ३३ वर्षीय राम कुमार चौधरी रहेका छन् । अस्थाई प्रहरी चौकी बलियाबाट खटिएको प्रहरीले उनीहरू सवार को.२७ प ६६९२ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

सवारी दुर्घटनामा एकको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-९ चम्पापुरस्थित सडकमा लु.३६ प ४५९८ नम्बरको मोटरसाइकललाई बा.१ ग २४२३ नम्बरको गाडीले मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक कपिलवस्तु शिवराज नगरपालिका बस्ने १९ वर्षीय भुवन पाण्डेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार शिवराज नगरपालिका-५ बस्ने २१ वर्षीय अमृत रोका मगरलाई उपचारको लागि बुटवलतर्फ पठाइएको छ । गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

खोलामा मृत फेला

बाँके । बैजनाथ गाउँपालिका-८ टिटिहिरियास्थित जेठी खोलामा तैरिएको अवस्थामा कोहलपुर नगरपालिका-३ मदनचोक बस्ने ४० वर्षीय रविन्द्र थारू सोमबार मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

गाँजासहित दुई जना पक्राउ

मोरङ । बुढिगंगा गाउँपालिका-४ पोठियास्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब आधा किलो सहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-४ बस्ने २१ वर्षीय मो. साबिर मिया र धनुषा जनकपुर देब्राउरैठा बस्ने १९ वर्षीय पिगनेश झा रहेका छन् । ईलाका प्रहरी कार्यालय नेमुवाबाट खटिएको प्रहरीले उक्त गाँजा सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

मोटरसाइकलको ठक्करबाट बालिकाको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१४ बालेगाँउस्थित सडकमा भे.३ प ६९७१ नम्बरको मोटरसाइकलको ठक्करबाट भारत घर भएका मक्सुदा अली कवाडियाकी छोरी ८ वर्षीया गुलावसा कवडियाको आइतबार राति मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएको उनको भेरी अस्पताल नेपालगंज हुँदै थप उपचारको लागि भारतको लखनउतर्फ लैजाने क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

कला/साहित्य

कमल मण्डल

महाशिवरात्रीको कार्यक्रम काठमाडौंमा सम्पन्न

वरिष्ठ गायक, संगीतकार, कलाकार मुरलिधरले संगीतमय भजन कार्यक्रम तथा शिव पार्वती कथा प्रस्तुत गरेका थिए । साथमा उनीसँग अन्य कलाकारहरू ।

भारतको सहयोगमा सर्लाहीमा कल्भर्ट र ढल निकास निर्माण

काठमाडौं । भारत सरकारको सहयोगमा सर्लाहीमा कल्भर्ट र ढल निकास निर्माण गरिएको छ । सर्लाहीको मलंगवा नगरपालिकाको वडा न ३ र ४ मा कल्भर्ट र ढल निकास निर्माण गरिएको हो ।

भारत सरकारको आर्थिक सहयोगमा निर्मित कल्भर्ट र ढल निकासीको महावाणिज्यदूत नितेश कुमार र मलंगवा नगरपालिकाका मुख्य प्रशासनिक अधिकृत होमनाथ सुवेदी संयुक्त रूपमा उद्घाटन गरे । 'नेपाल भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत भारत सरकारको अनुदान सहयोगमा कल्भर्ट र ढल निकासी निर्माण दुई प्याकेजमा गरिएको हो । यो परियोजना भारत सरकार र नेपाल सरकारबीचको सम्झौताअन्तर्गत एक उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा लिइएको थियो ।

उक्त कल्भर्ट र ढल निकास निमार्णका लागि भारतीय दुतावास, काठमाडौं र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत नगरपालिका कार्यकारीको कार्यालय, मलंगवा नगरपालिका बिच सम्झौता भएको थियो । यो नवनिर्मित नालाले मलंगवा नगरपालिकाको ढल निकासी र सरसफाई प्रणाली बढाउने अपेक्षा गरिएको छ ।

यो परियोजनाले मलंगवा नगरपालिकामा रहेको ५०० घरपरिवारलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपले लाभ पुऱ्याएको छ । यस परियोजनाले नेपाल र भारतबीचको विकास साझेदारीलाई प्रतिविम्बित गर्नुका साथै फोहोर व्यवस्थापनको क्षेत्रमा पुर्वाधार अभिवृद्धि गर्न नेपाल सरकारले गरेको प्रयासलाई थप बल पुऱ्याएको छ ।

काठमाडौं–रक्सौल रेलमार्गको डीपीआर बनाउन एमओयू हुने

काठमाडौं । काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्न नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) हुने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरूका अनुसार एमओयू मन्त्रिपरिषदले स्वीकृत गरिसकेकाले भारत सरकारले पनि एमओयू स्वीकृत गरेलगत्तै डीपीआरको सम्झौता हुनेछ ।

स्वीकृत एमओयूअनुसार रेलमार्गको डीपीआर भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनीमार्फत तयार गर्नेछ र, ब्रोडगेज प्रविधिमै यो रेलमार्ग बनाइनेछ ।

मन्त्रिपरिषदबाट स्वीकृति लिएर एमओयूमा हस्ताक्षर भएपछि भारतीय पक्ष अध्ययनका लागि फिल्डमा आउनेछ । भारतीय कम्पनी कोंकण रेल-वे कर्पोरेसन लिमिटेड (केआरसीएल)ले आफैंले गरेको प्रारम्भिक अध्ययनका आधारमा डीपीआर तयार गर्ने छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका विकास सहायता महाशाखाका प्रमुख सहसचिव केशवकुमार शर्मा मन्त्रिपरिषदबाट एमओयू पारित भएर आएपछि आपसी सहमतिमा हस्ताक्षरको मिति तय हुने बताउँछन् ।

यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको छ । केआरसीएलले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुनेछ ।

लोककला कार्यशाला सम्पन्न

काठमाडौं । प्रदेश १ स्तरीय तीन दिवसीय लोककला कार्यशाला सुनसरीको सदरमुकाम इनरूवामा मङ्गलबार सम्पन्न भएको छ । इनरूवा नगरपालिका र नवयुग बहुउद्देश्यीय सामुदायिक सिकाई केन्द्रको सहकार्यमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको लोककला विभागले कार्यशालाको आयोजना गरेको थियो । कार्यशालामा प्रदेश १ का विभिन्न जिल्लाका दुई दर्जन लोककलाकार सहभागी थिए । उनीहरूले राई, लिम्बु, राजवंशी, थारू, नेवार र मिथिला लोककलासम्बन्धी चित्र बनाएका थिए ।

चैत १ गते आइतबारदेखि सुरू भएको कार्यशालाको उद्घाटन प्रतिष्ठानका कुलपति केके कर्माचार्यले गर्नुभएको थियो । उद्घाटन समारोहमा बोल्दै प्रतिष्ठानको लोककला विभागकी प्रमुख मिथिला देवी यादवले लोककला विभागको प्रमुख भएर आएपछि २ वर्षदेखि आफू प्रदेश प्रदेशमा गएर विभिन्न जातजातिको लोककला खोज्दै आएको बताइन् । सबै जातजातिको लोककला अगाडि आउनुपर्ने उनको भनाइ थियो ।

नेपाल–भारतबीच यातायात सञ्चालन गर्न सीसीएमसीको सिफारिस

काठमाडौं । कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)ले नेपाल र भारतका बीचमा यातायात सञ्चालन गर्न मन्त्रिपरिषद्लाई सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको सीसीएमसीको बैठकले नेपाल र भारतबीचको यातायात सञ्चालन गर्नको निम्ति मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गरेको हो । नेपाल-भारत यातायताका १३ वटा रूटबाट पूर्ववत् रूपमा यातायात सञ्चालनको निम्ति मन्त्रिपरिषद्लाई सिफारिस गरिएको सीसीएमसीका सचिव खगराज बरालले बताए । त्यसका लागि यात्रीहरूले पूर्ण रूपमा स्वास्थ्य मापदण्ड प्रयोग गर्नुपर्ने तथा ७२ घण्टाअगाडिको पीसीआर रिपोर्ट नेगेटिभ आएको हुनुपर्ने उनको भनाइ छ । त्यसैगरी, बैठकले नेपाल-भारत सिमानामा नेपालतर्फ भन्सार तिरेर सञ्चालन हुने भारतीय नम्बर प्लेटका यातायातका साधन पनि चलाउन दिने सिफारिस गरेको छ । गत वर्ष चैत ११ गतेदेखि कोभिड-१९ संक्रमणका कारण नेपालमा लकडाउन गरिएपछि नेपाल-भारत यातायात हालसम्म ठप्प रहेको छ । यातायातका साधन ठप्प भए पनि सिमानाबाट हजारौंको संख्यामा दैनिक रूपमा आवत-जावत भइरहेको सन्दर्भमा यातायातका साधन पनि चलाउनको लागि पहल गरिएको सीसीएमसीका सचिव बरालले बताए ।

प्रदेश प्रमुख डा.अहिराजद्वारा सेफ साह सम्मानित

जनकपुरधाम । प्रदेश २ का प्रमुख डा.राजेश अहिराजले बीबीसी प्रोफेसनल्स यूके-२०२० का उपविजेता सन्तोष साहलाई सम्मान गरेका छन् । मास्टर सेफ प्रोफेसनल्स यूके-२०२० का उपविजेता साहलाई नेपाली खानाको माध्यमबाट संसारभर नेपाल र प्रदेशलाई चिनाएको भन्दै प्रमुख झाले सम्मान गरेका हुन् । सेफ साहलाई सम्मान गर्दै प्रमुख झाले मधेश र मिथिलाको खाना र संस्कृतिलाई प्रवर्द्धन गरिनुपर्ने आवश्यकतामा जोड दिँदै साहले मधेशको नामलाई उचाइँमा पुऱ्याएकोमा प्रशंसा गरे । सिरहा जिल्लाको कर्जनाहामा जन्मिएका साह लामो समयदेखि बेलायतमा बस्दै आएका छन् ।

आर्थिक समाचार

जोनसन ईन्टरनेशनलद्वारा डिलर तथा प्लम्बर मिट कार्यक्रम सम्पन्न

कास्की । जोनसन ईन्टरनेशनलद्वारा गण्डकी प्रदेशको पर्यटकीय नगरी पोखरामा डिलर तथा प्लम्बर मिट कार्यक्रम सम्पन्न गरेको छ । नेपालमा नै निर्मित अन्तर्राष्ट्रिय स्तरको धाराजन्य उत्पादनहरूको एक मात्र कंपनी जोनसन ईन्टरनेशनल प्रा. लि. द्वारा उत्पादित सिल्कवेयर ब्राण्ड ले आफ्नो बजार विस्तार गर्ने तथा आफ्ना ग्राहकहरूको समस्याहरूलाई पनि सम्बोधन गर्न यसले सहयोग पुर्याउने उदेश्यले गत वर्षकै कार्यक्रमलाई निरन्तरता दिँदै यस वर्षपनि कार्यक्रम आयोजना गरेको छ । उक्त कार्यक्रममा बोल्दै कम्पनिका कार्यकारी निर्देशक राजन झा ले यस किसिमका उत्पादनशील क्षेत्रमा लगानि र व्यापार अझ विस्तार गर्नसके नेपालको उत्पादन क्षमता बृद्धि भई नेपाललाई नेपाललाई आत्मनिर्भर हुन सहयोग पुग्ने कुरामा जोड दिए । कार्यक्रममा गण्डकि अञ्चलका विभिन्न क्षेत्रबाट १२० जना भन्दा बढी डिलर तथा प्लम्बरहरूको उत्साहजनक उपस्थिति थियो र यसबाट उपभोक्ताहरूले कम्पनिबाट अझ सहजरूपमा सेवा प्राप्त गर्ने अपेक्षा कम्पनीले लिएको जनाइएको छ ।

मोडल हन्ट नेपाल सिजन ६ को भोटिङ्ग पार्टनरमा आइएमई पे

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित आइएमई पे मोडल हन्ट नेपाल सिजन ६ को भोटिङ्ग पार्टनर बन्ने भएको छ । गएको १३ फेब्रुअरीबाट शुरू भइ भएको उक्त प्रतियोगिता मार्च २७ मा ग्राण्ड फिनाले भइ समापन हुनेछ । प्रतियोगितामा सहभागी आफ्ले इच्छा लाएको प्रतिष्पर्धीलाई आइएमई पे मार्फत भोट गर्न सक्नेछन् । मोडलिङ क्षेत्रमा आफ्नो भविष्य बनाउन तत्पर कूल ६८ जना युवा युवतीहरू यतिखेर मोडल बन्ने प्रक्रिया अन्तर्गतको विशेष एवं अन्तर्राष्ट्रिय स्तरको ग्रुमिङ परिवेशमा आफ्नो व्यक्तित्वलाई मोडल व्यक्तित्वमा रूपान्तरण गर्न मोडल हन्ट नेपाल सिजन ६ को प्लेटफर्ममा अभ्यस्त रहेका छन् । जस अन्तर्गत उनीहरूले च्याम्प मोडलिङका विविध आयाम र व्याकरणदेखि स्टेज प्रस्तुतिकरणका तरिका लगायत समग्रमा व्यावसायिक मोडलमा हुनुपर्ने गुण र सीपहरूको विकास गरिरहेका छन् ।

भारतसँगको व्यापार बढ्यो, चीनसाग घट्यो

काठमाडौं । नेपालको अन्तर्राष्ट्रिय व्यापारमा भारतीय परनिर्भरता बढेको छ । नेपाल राष्ट्र बैंकले यो आर्थिक वर्षको सात महिनामा भारतसँगको व्यापार निकै बढेको प्रतिवेदन सार्वजनिक गरेको छ । चीनसहित अन्य देशसँगको व्यापार भने घटेको छ । चीनले गत वर्ष फागुनदेखि कोरोना भाइरस महामारीलाई कारण देखाउँदै नाकामा कडाइ गरेको छ । नेपालको कुल अन्तर्राष्ट्रिय व्यापारमध्ये ६६.६ प्रतिशत भारतसँग मात्रै हुन्छ । १३.४ प्रतिशत चीन र बाँकी २० प्रतिशत अरू देशसँग हुन्छ । गत वर्ष यहीबेला भारतसँगको व्यापार साझेदारी कुल व्यापारको ६२.४ प्रतिशत मात्रै थियो । चीनसँग साढे १५ र अरू मुलुकसँग २२ प्रतिशत व्यापार हुँदै आएको थियो । चीन र बाँकी विश्वको व्यापारिक साझेदारीको केही हिस्सा यो वर्ष भारतमा स्थानान्तरण भएको छ । आठ रूपैयाँको निर्यात गर्दा ९२ रूपैयाँको आयात गर्ने नेपाली अर्थतन्त्रमा व्यापारिक परनिर्भरताको अर्थ पनि आयात निर्भरता नै हो । यस अवधिमा भारतबाट भएको आयात पोहोरभन्दा ७.१ प्रतिशतले बढेको छ । जबकि, यहीबीच चीनबाट भएको आयात साढे १२ र अन्य तेस्रो मुलुकसँगको आयात व्यापार १०.८ प्रतिशत घटेको छ । कोरोना महामारीले चीन र तेस्रो विश्वसँगको व्यापार घट्दा भारतसँग भने व्यापार बढ्दो क्रममै छ ।

कमजोर...

बनाएको छ ।

त्यसबाहेक आन्दोलनका क्रममा भएको घटनाको छानबिन गर्नका लागि सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित आयोगले बनाएको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने मागलाई पनि जसपाले अगाडि सारेको छ । यसबाहेक अर्को माग भनेको यसअघिको जस्तै संविधान संशोधनको हो ।

अब माग कार्यान्वयन नगद नै हुनुपर्ने भनेर अडानमा बसेको जसपाको माग प्रतिपक्षमा रहेका दलले तत्काल सम्बोधन गर्न सक्ने सम्भावना छैन । अहिले विकसित भइरहेको राजनीतिक घटनाक्रममा जसपाले अरूको सरकार बनाउने मात्र होइन आफैं सरकार बनाउने अवस्था आउन सक्ने चर्चा पनि छ तर त्यसको सम्भावना भने न्यून छ । जसपाको नेतृत्वमा सरकार बन्न कि त कांग्रेस र माओवादी कि त एमालेको समर्थन अनिवार्य हुन्छ ।

अवसर र चुनौती

सत्ता समीकरणका लागि निर्णायक भूमिका निर्वाह गर्ने अवस्थामा रहेको जसपाले यतिबेला अवसरमात्र होइन, चुनौती पनि सामना गरिरहेको छ

विगतको राजनीतिक घटनाक्रम हेर्दा मधेशको मागप्रति एमालेभन्दा माओवादी केन्द्र बढी सकारात्मक देखिन्छ भन्ने तर्क पनि जसपा नेपालभित्र उठिरहेको छ । संविधान संशोधन लगायतका माग पूरा गराउन माओवादी केन्द्र सकारात्मक रहेको समयमा एमालेकै कारण पारित हुन नसकेको, ओलीले सप्तरीको मलेठमा जबर्जस्ती कार्यक्रम गरेर जनतालाई उत्तेजित बनाउँदा पाँचजना मारिएको जस्ता विषयलाई पनि सहजै बिर्सन नहुने जसपा नेपालकै कतिपय नेता बताउँछन् ।

जसपा नेपाल गठनअघि अस्तित्वमा रहेका विभिन्न मधेशवादी दलले संविधान संशोधनलाई मुख्य मुद्दा बनाएका थिए । संविधान संशोधनको माग गर्ने तिनैमध्ये एक दल थियो उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी । प्रधानमन्त्री ओलीसँग सहमति गर्दै सो दल सत्तामा सामेल भएपछि ओली नेतृत्वको सरकारलाई दुई तिहाई बहुमत जुटेको थियो । तर संविधान संशोधन त परै जावस्, संविधान संशोधनका लागि अध्ययन तथा छलफल गर्न समिति गठन गर्ने प्रस्ताव लागेकै कारण प्रधानमन्त्री ओलीले उपेन्द्र यादव र उनको दललाई सरकारबाट हटाएका थिए ।

एक पटक यसरी धोका पाइसकेपछि आगामी दिनमा फेरि यस्तै धोका खानु नपरोस् भन्नेतर्फ सचेत हुनुपर्ने चुनौती पनि पार्टीमा छ ।

यद्यपि ओलीका विगतका क्रियाकलाप र व्यवहारले मधेशी जनता अहिले पनि ओलीप्रति विश्वास गर्ने पक्षमा नरहेको कतिपय नेताहरूको भनाइ छ । यसअघि कार्यकारिणी समितिको बैठकबाट प्रधानमन्त्री ओलीलाई एउटा ज्ञापनपत्र बुझाउने निर्णय भएको तर प्रधानमन्त्रीले भेट्न समय नै नदिएको पनि नेताहरू बताउँछन् । तिनै प्रधानमन्त्री आजका दिनमा जसपा नेपाललाई सरकारमा सामेल गराउन दैनिकजसो वार्तामा बस्न पनि तयार हुन थालेका र यी सबै 'समयको खेल' हुन ।

मधेशको मामलामा ओलीभन्दा प्रचण्ड लचिलो रहे पनि अडान लिने र गरि हाल्ने क्षमता प्रचण्डमा भने छैन । जब दुई तिहाईको सरकार थियो, त्यो बेलामा प्रचण्डले कहिल्यै पनि मधेशको माग पूरा गराउन कोशिस गरेनन । तर अहिले सहयोग गर्नुस् सबै माग पुरा गरिदिन्छु भनिरहँदा विश्वास गर्ने आधार भने छैन ।

यद्यपि, जसपा नेपालले ओलीलाई साथ दिने कि देउवा-प्रचण्डलाई भन्नेबारे आफूलाई प्रस्ट रूपमा उभ्याउन सकेको छैन । बरू पार्टीभित्र यसबारे दुई धार देखिएको छ । एउटा धारले ओलीको पक्षमा निकटता देखाउन थालेको छ भने अर्को पक्षले कांग्रेस र माओवादी केन्द्रसँग सहकार्य गर्नुपर्नेमा जोड दिन थालेको छ ।

जसपा नेपालका नेताहरूको अभिव्यक्ति र क्रियाकलापले गर्दा पार्टीमा दुईटा धार रहेको संकेत देखिएको छ । पार्टीमा दुई धार रहेकै कारण अहिलेको सन्दर्भमा पार्टीले स्पष्ट दिशा लिन नसकेको हो । जसपा अहिलेको राजनीतिक सन्दर्भमा निर्णायक भूमिकामा भए पनि त्यसको फाइदा लिन भने सकेको छैन । अहिले सत्ताको आवश्यकता एमाले, माओवादी केन्द्रलाई होइन, जसपालाई मात्र हो जस्तो देखिन्छ ।

मागहरू...

भन्ने कुरा पनि सही हो ।

तपाईं धेरै पछाडि फर्किनुभयो । वर्तमानको कुरा हेरौं । भनिन्छ, वर्तमान समय नै सबभन्दा महत्वपूर्ण हो । यो संसदमा जतिबेला नागरिकता विधेयक टेबुल गरियो, त्यतिबेला कांग्रेस त्यसको पक्षमा थियो । केपी शर्मा ओलीको सरकार र उसको पार्टीले नै विरोध गऱ्यो । त्यसकारण वर्तमानमा कांग्रेस मधेशप्रति लचिलो छ भन्ने कुरा नागरिकता विधेयकमा उसले लिएको नीतिबाट पनि प्रष्ट हुन्छ । त्यसकारणले कांग्रेसमाथि मात्रै दोष लगाउन पाईदैन । त्यसकारणले पनि उपेन्द्र यादवले कांग्रेससँग सहकार्य गरौं भनिरहनुभएको छ । हामीले संसद विघटनको विरूद्धमा सँगै आन्दोलन गऱ्यौं तथापि संयुक्त मोर्चा बनाउन सकेनौं । तर संविधानको मर्म र भावनामाथि भएको कुठाराघातको विरूद्धमा हामी सबैले आन्दोलन गऱ्यौं । त्यो परिस्थितिमा आन्दोलनकारी शक्तिहरू एकजुट भएर सहकार्य गरौं भन्ने जुन सोच हो, त्यसमा ओज छ, दम छ र त्यो हुन सक्यो भने त्यसले एउटा सही राजनीतिक संस्कारको सुरूवात हुन्छ ।

निश्चितरूपमा यदि संविधान संशोधनको सुनिश्चितता, सांसद रेशमलाल चौधरीको रिहाइ, लाल आयोगको प्रतिवेदन सार्वजनिक गऱ्यो भने त केपी ओलीसँग पनि सहकार्य गर्न सकिन्छ । किन गर्न नसक्ने ? यो मेरो व्यक्तिगत विचार हो, पार्टीको विचार अगाल होला । हाम्रो माग जसले पूरा गर्छ, त्यहाँ जानुपर्छ । यही हो राजनीति । हिजो त्यही व्यक्तिका विरूद्धमा त्यत्रो आन्दोलन गऱ्यौं । यदि हाम्रा सबै मागहरू पूरा गरिदियो भने केपी ओलीको सरकारलाई समर्थन गर्ने तर त्यो सरकारमा सहभागी नहुने । यो मेरो व्यक्तिगत विचार हो ।

(जसपाका केन्द्रीय सदस्य यादवसँग गरिएको कुराकानीमा आधारित ।)

नेपाल सुपर लिगको गुडविल एम्बेसडरमा भारतीय अभिनेता

काठमाडौं । नेपाल सुपर लिग (एनएसएल) को गुडविल एम्बेसडर भारतीय अभिनेता बनेका छन् । यस फ्रेन्चाइज फुटबल प्रतियोगिता एनएसएलको एम्बेसडर अभिनेता सोहेल खान बनेका हुन् । आयोजक नेपाल स्पोर्ट्स म्यानेजमेन्टले प्रतियोगिताको ब्रान्ड एम्बेसडर बनेको जनाएको हो । आगामी वैशाख ११ देखि २५ गतेसम्म चल्ने प्रतियोगीतामा सात फ्रेन्चाइज टिमले सहभागिता जनाउनेछन् । जसमा काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, विराटनगर सिटी फुटबल क्लब, धनगढी एफसी, एफसी चितवन, पोखरा थन्डर्स र बुटवल लुम्बिनी एफसीको सहभागिता रहनेछ । प्रतियोगिताको उद्घाटन खेलमा अभिनेता खान नेपाल आउने आयोजकले जनाएको छ ।

मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधवार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकु कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madhes ail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं